म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १५९ शुक्रबार ६ माघ २०७९ ने. सं. ११४३ पोहेलागा 20 January, 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## विद्यालयलाई स्टेशनरी तथा खेलकुद सामग्री वितरण

हेटौंडा, ५ माघ/अग्रगति बचत तथा ऋण सहकारी संस्था लिमिटेडले एक विद्यालयलाईस्टेशनरी तथा खेलकुद सामग्री वितरण गरेको छ । सहकारी संस्थाले बिहिबार ८ औ स्थापना दिवसको अवसरमा हेटौंडा-१ स्थित कालिका आधारभुत विद्यालयलाई स्टेशनरी तथा खेलकुद सामग्री वितरण गरेको हो । सहकारीका अध्यक्ष बिकेशलाल श्रेष्ठले विद्यालयका प्रधानाध्यापक बैकुण्ठ पराजुलीलाई स्टेशनरी तथा खेलकुद सामग्री हस्तान्तरण गरेका थिए । अध्यक्ष श्रेष्ठले सामग्रीमा विद्यालयलाई आवश्यक पर्ने कपी, कलम, फुटबल र भलिबल १/१ थान वितरण गरेको जानकारी दिए । त्यस्तै, खाजा स्वरुप बिस्कुट ३ कार्टुन, चक्लेट ४ डिप्पा वितरण गरिएको छ । त्यस्तै विद्यालयलाई सामग्री वितरण पश्चात् अग्रगति बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष विकेश लाल श्रेष्ठ, उपाध्यक्ष केदार प्रसाद अर्याल, सचिव पबित्रा दाहाल लगायत कार्यसमितिका पदाधिकारीहरुले पदभार ग्रहण गरेका छन् ।

# दोस्रो कार्यकालमा संसद्लाई देला त सरकारले विजनेश ?

साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/ बागमती प्रदेशसभाको पहिलो कार्यकाल अधिवेशन स्थगनकै अवस्थामा सकियो ।

सत्ता गठबन्धनभित्रको खटपट दोस्रो कार्यकालको निर्वाचनको घोषणा भइसकेको वहाना देखाउदै प्रदेशसभाको पहिलो कार्यकाल अधिवेशन स्थगनकै अवस्थामा सकिएको थियो । देशमा संघीयता आएपछि पहिलोपटक बनेको प्रदेशसभाले आफ्नो पहिलो कार्यकालमा त्यति उपलब्धिमुलक कार्य गर्न सकेन ।

बागमती प्रदेशसभाले सुरुको केहि वर्ष प्रदेश राजधानी तोक्नेसँगै केहि ऐन कानुन बनाएको भएपछि पछिल्लो दुईवर्ष भने विजनेशविहिन अवस्थामा बस्नुपर्यो । बागमती प्रदेश सरकारले प्रदेसभाको पहिलो कार्यकालको दुई वर्षभित्रमा प्रदेशमा आवश्यक पर्ने ९९ वटा ऐन कानुन निर्माण गरिसक्ने घोषणा गरेको थियो । तर, प्रदेशसभाको पहिलो पाँच वर्षको कार्यकालमा जम्मा ४५ वटा मात्रै कानुन बने । बनेका अधिकांश कानुन दोहोर्याएर तेहेर्याएरसमेत संशोधन भए ।

सरकार सञ्चालनको लागि आवश्यक ऐन, कानुन र नीति नियम बनाउने प्रदेशसभा राजनीतिक दलहरुको सत्ता फेरबदल गर्ने दोहोरि खेल्ने स्थान मात्रै बन्न पुग्यो । प्रदेशसभाको सुरुको केहि वर्ष ऐन कानुन निर्माणले प्राथमिकता पाएपछि ०७७ पुस ५ गते तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गरेपछि त्यसको प्रत्यक्ष असर बागमती प्रदेशसभामा पर्यो ।

संसद विघटनको घटनाले नेकपा र एमाले पार्टि विभाजित हुँदा बागमती प्रदेशसभा नीति नियम बनाउने भन्दा पनि सत्ताको खेल खेल्ने स्थान बन्न पुग्यो । जसले गर्दा प्रदेशसभा करिव दुई वर्ष विजनेशविहिन अवस्थामा बस्नुपर्यो । सत्ता परिवर्तन भइरहदा संसदले विजनेश पाउन सकेन । सरकारले ल्याएका विधेयकहरु माथी आवश्यक छलफल हुनुभन्दा पनि दलहरुबीच आरोप प्रत्यारोप बढि हुन थाल्यो । जसले गर्दा प्रदेश सरकारले संसद स्थगन गरेर अध्यादेशबाटै काम चलायो ।

प्रदेशसभाको पहिलो कार्यकालको अन्त्य पनि संसद स्थगन कै अवस्थामा सकिएको थियो । दलहरुबीचको द्वन्द्वको कारण प्रदेशसभाको पहिलो कार्यकालका सांसदहरु संसद बैठकबाट बिदा हुन




समेत पाएनन् ।

अब बागमती प्रदेशसभाले नयाँ प्रदेशसभा सदस्य र नयाँ सरकार पाइसकेको छ । दोस्रो कार्यकालको प्रदेशसभा बैठक माघ ३ गते मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले विश्वासको मत लिएपछि अनिश्चितकालको लागि स्थगित भएको छ । ४ मंसिरमा भएको निर्वाचनपछि बागमती प्रदेशसभाले दोस्रो कार्यकाल सुरु गरेको थियो । प्रदेश सरकारको नेतृत्व प्रदेशको सबैभन्दा पहिलो आन्तरिक मामिला तथा कानुन मन्त्री शालिकराम जम्मकट्टेलले गरेका छन् । करिव ३ वर्ष प्रदेश सरकारको कानुन मन्त्री बनेर प्रदेशको ऐन कानुन निर्माणको अनुभव गरिसकेका मुख्यमन्त्री जम्मकट्टेलको नेतृत्वको सरकारले प्रदेशसभालाई पर्याप्त विजनेश दिन सक्ला भन्ने धेरैको अपेक्षा छ ।

प्रदेशलाई बुझेका मुख्यमन्त्री जम्मकट्टेल पहिलो कार्यकालमा प्रदेशसभा र सरकारको कमि कमजोरी,प्रदेशमा आवश्यक ऐन कानुन सबै विषयमा जानकार छन् । त्यसैले उनले प्रदेशसभालाई दोस्रो कार्यकालमा विजनेशविहिन अवस्थामा नपुर्याउलान् भन्ने संसदमा दोस्रोपटक छिरेका सांसदहरुको अपेक्षा छ ।

बागमती प्रदेशसभाले पाँच वर्षको पहिलो कार्यकालमा ४५ वटा कानुन निर्माण गर्दा ५६ वटा संशोधन गरेको थियो । सुरुमा प्रदेश सरकारले ९९ वटा कानुन आवश्यक रहेको भन्दै ती कानुन दुई वर्षभित्रमा निर्माण गरिसक्ने बताएको थियो । तर, पछि सरकारले ८२ वटा मात्रै आवश्यक कानुन रहेको पहिचान गरेको थियो ।

सरकारले दुई वर्षमा ९९ वटा कानुन निर्माण गरिसक्ने बताएको भएपनि पाँच वर्षमा पहिचान भएका ऐनमध्ये जम्मा ४८ वटा ऐन मात्रै निर्माण भए । प्रदेशसभा सचिवालयले दिएको तथ्यांकअनुसार पहिलो कार्यकालमा प्रदेशसभाबाट हालसम्म ७० वटा विधेयक पारित भए । तीमध्ये १५ वटा संशोधन विधेयक हुन् भने १० वटा विधेयक सरकारको ५ वर्षको बजेटसम्बन्धीको विधेयक हुन् । प्रत्येक वर्ष सरकारले बजेट सम्बन्धी अर्थ विधेयक र विनियोजन विधेयक गरि दुईवटा विधेयक ल्याउने गर्दछ ।

सरकारले बनाउनुपर्ने ऐनको रुपमा पहिचान गरेको मुल कानुन भने हालसम्म ४५ वटा मात्रै बनेको तथ्यांकले देखाउँछ । सरकारले पहिचान गरेको ८२ वटा ऐनमध्ये ४५ वटा ऐन निर्माण हुँदा ३७ वटा ऐन अझै बन्न बाँकी नै रहेको छ । प्रदेशसभाले १५ वटा मात्रै संशोधन विधेयक पारित गरेको भएपनि ती विधेयक भित्रबाट ५६ वटा ऐन संशोधन गरिसकेको छ । प्रदेश सरकारले २०७७ सालमा नै केही प्रदेशस्तरका ऐन संशोधन विधेयकमार्फत एकैपटक ३४ वटा ऐन संशोधन गरेको थियो । त्यतिबेला तत्कालीन मुख्यमन्त्री डोरमणी पौडेलले बनेका अधिकांश ऐनलाई एकैपटक संशोधन गरेका थिए ।

पौडेलले सरकारबाट बहिर्गमन हुनुअघि पनि प्रदेशसभामा एकैपटक ९ वटा ऐन संशोधन गर्नको लागि विधेयक संसदमा दर्ता गराएका थिए । तर, केन्द्रमा भएको राजनीतिक उतारचढावको कारण उनले प्रदेशसभामा दर्ता गराएको उक्त विधेयक पारित गराउन पाएनन् । पौडेल नेतृत्वको सरकारले संसदमा दर्ता गराएको विधेयकमार्फत राजेन्द्र पाण्डे नेतृत्वको गठबन्धन सरकारले उक्त ऐनहरुलाई संशोधन गरिसकेको छ । नयाँ ऐन कानुन निर्माण सुस्त देखिएको बागमती प्रदेश सरकारले बनाएका ऐन संशोधनमा भने अगाडि देखियो । प्रदेश सरकारले हतारमा ऐन निर्माण गरेर फुर्सदमा संशोधन गर्ने गरेको आरोप समेत लाग्यो ।

बागमती प्रदेशका मुख्यमन्त्री जम्मकट्टेल पहिलो कार्यकालमा भएको कमि कमजोरी सुधार गरेर आवश्यक ऐन कानुन निर्माणलाई प्राथमिकता दिने बताउँछन् ।

प्रदेशको पहिलो कार्यकालमा संघीय सरकारसँग बाझिएको र सरकारले सोचेअनुसार कार्यान्वयनमा जान अप्ठेरो भएकोले धेरै ऐनहरु संशोधन भएको उनको भनाई छ । उनले पहिलो कार्यकालमा आफूहरुले बनाएको अधिकांश ऐनहरु कार्यान्वयन भएको समेत दावी गरे ।

मुख्यमन्त्री जम्मकट्टेलले हाल संसद अनिश्चितकालको लागि स्थगित भएको भएपनि संसदलाई लामो समयसम्म अनिश्चिकालको बन्दि नबनाउने बताए । उनले छिट्टै संसद बोलाएर अघिल्लो सरकार जारी गरेको अध्यादेश प्रतिस्थापन विधेयक ल्याएर प्रतिस्थापन गर्ने बताए ।

जम्मकट्टेल सरकारले संसदमा तत्काल लैजानको लागि प्रदेश निजामति सेवा ऐन, स्थानीय सरकारको कर्मचारी व्यवस्थापन ऐन, शिक्षासम्बन्धी ऐन, हष्तकलासम्बन्धी ऐन र कृषिसम्बन्धी ऐनहरु निर्माण कार्य सुरु गरिसकेको बताए । प्रदेशका नागरिकहरुको लागि आवश्यक पर्ने ऐन कानुनलाई प्राथमिकताको साथ निर्माण गर्दै संसदलाई विजनेशविहिन अवस्थामा नपुर्याउने उनको भनाई छ । 'अघिल्लो कार्यकालमा बनाइएका केहि ऐनहरु संशोधन गर्नुपर्ने अवस्थामा पनि पुगेका छन् ।

आवश्यकताअनुसार तिनिहरुको संशोधन गर्दै हामि अरु नयाँ विधेयक निर्माण गरेर संसद लैजान्छौं', मुख्यमन्त्री जम्मकट्टेलले भने । उनले प्रदेशले प्रदेश प्रहरी ऐन बनाएपनि संघीय सरकारको कारण कार्यान्वयन हुन नसकेको भन्दै छिट्टै ऐन कार्यान्वयन गर्दै प्रहरीलाई प्रदेशमा समायोजन गर्ने बताए । केहिदिन अघि आफूले प्रधानमन्त्री र गृहमन्त्रीलाई पनि भेटेर प्रहरी समायोजनको विषयमा कुरा गरेको मुख्यमन्त्री जम्मकट्टेलको भनाई छ ।

संघीय सरकारले बनाएपछि मात्रै बनाउनुपर्ने कानुनहरू धेरै भएकोले कानुन निर्माणमा सुस्तता आएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको भनाइ छ । यसका लागि प्रदेश सरकारले दबाब दिनुपर्ने आवश्यकता छ । विशेष गरी साझा अधिकार सूचीको कानुन निर्माणमा केन्द्र सरकारबाट भइरहेको असहयोगलाई संवादमार्फत हल गर्नु मुख्यमन्त्रीको मुख्य चुनौती हो । कानुन निर्माण गर्न दक्ष जनशक्तिको अभावले पनि समस्या भइरहेको छ ।


## व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बरः

९८४५०२७०६४/९८५५०६८०३८


# गृहको सीडीओ सरुवासम्बन्धी कार्यविधिः 'क' वर्गमा मकवानपुर

साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/गृह मन्त्रालयले प्रमुख जिल्ला अधिकारीहरु (सिडिओ)को पदस्थापना वा सरुवा गर्नेसम्बन्धी कार्यविधि जारी गर्दा मकवानपुरलाई 'क' वर्गमा राखिएको छ ।

बागमती प्रदेशको राजधानीसमेत रहेको मकवानपुरलाई कार्यविधिमा जिल्लाहरुको वर्गीकरण गर्दा माथिल्लो श्रेणीमा राखिएको हो । गृह मन्त्रालयले बुधवार सिडिओको पदस्थापन तथा सरुवा वा कामकाज गर्न खटाउनेसम्बन्धी कार्यविधि, २०७९ जारी गरेको थियो । कार्यविधिमा ६१ वटा जिल्लालाई क, ख र ग मा वर्गीकरण गरिएको मन्त्रालयले जनाएको छ । यस्तै बाँकी हिमाली जिल्लाको वर्गीकरण भने गरिएको छैन । गृह मन्त्रालयका सहसचिव भीष्मकुमार भुसालका अनुसार हिमाली भेगका बाँकी जिल्लालाई वर्गीकरण गरिएको छैन ।

'क' वर्गमा १२ वटा जिल्ला राखिएको छ । 'क' वर्गको जिल्लामा बागमती प्रदेशबाट ४ वटा मात्रै परेका छन् । मकवानपुरसहित, काठमाडौं, ललितपुर र चितवन रहेका




छन् । विगतमा चितवन, काठमाडौं र ललितपुलाई 'क' वर्गको जिल्लाका रुपमा हेरिने गरेको भएता पनि मकवानपुरलाई दोस्रो श्रेणीमा राखिन्थ्यो ।

'क' वर्गामा मकवानपुर सहित संघीय राजधानी काठमाडौं, कास्की, कैलाली, चितवन, झापा, पर्सा, बाँके, मोरङ, रुपन्देही, ललितपुर र सुनसरी रहेका छन् । 'ख' वर्गमा इलाम, उदयपुर, कञ्चनपुर, कपिलवस्तु, काभ्रे, गोरखा, तनहुँ, दाङ, धनुषा, धादिङ, नवलपरासी (पूर्व), नवलपरासी (पश्चिम), नुवाकोट, पाल्पा, बर्दिया, बारा, भक्तपुर, महोत्तरी, रौतहट, बागलुङ, सप्तरी, सर्लाही, स्याङ्जा, सिन्धुपाल्चोक, सिरहा, सिन्धुली र सुर्खेत छन् ।

त्यस्तै 'ग' वर्गमा अछाम, अर्घाखाँची, ओखलढुंगा, खोटाङ, गुल्मी, जाजरकोट, जुम्ला, डडेल्धुरा, डोटी, दैलेख, दोलखा, धनकुटा, पर्वत, पाँचथर, प्युठान, बैतडी, भोजपुर, रामेछाप, रोल्पा, लमजुङ, सल्यान र संखुवासभा छन् । सहसचिवलाई पहिलो पटक सिडिओको रुपमा खटाउँदा 'ख' वा 'ग' वर्गको जिल्लामा खटाउने कार्यविधिमा उल्लेख गरिएको छ । तर गृह मन्त्रालयको महाशाखा प्रमुख वा विभागका महानिर्देशक भएर काम गरेका अधिकृतलाई भने 'क' दिन सकिने भएको हो ।

बाँकी पृष्ठ-४ मा...


## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३




साझाकुरा

## हाम्रो कुरा

# 'छाउकोठा' घरमै व्यवस्थित गर्नु जरुरी

स्त्रीहरु पहिलोपटक महिनावारी हुँदा विकट गाउँहरुमा घरभन्दा अलि पर लगेर राख्ने गरिन्छ । त्यो राख्ने ठाउँलाई 'छाउगोठ' भन्ने गरिएको छ । शहरी क्षेत्रका स्त्रीहरु पहिलोपटक महिनावारी हुँदा भने आफन्त वा अन्य छिमेकीको घरमा लगेर राख्ने गरिएको पाइएको छ । त्यसलाई भने 'छाउकोठा' भन्ने गरिएको पाइएको छ । अशिक्षाको कारणले गर्दा नै स्त्रीहरु पहिलोपटक महिनावारी हुँदा घरबाट बाहिरिनु परिरहेको छ । महिलाहरुमा शारीरिक विकास हुँदै जाँदा प्रजनन स्वास्थ्यसंग जोडिएको विषय हो, महिनावारी । मानिस जन्मिने प्रक्रिया यहि महिनावारीबाट नै हुने गर्दछ । त्यसलाई नै अवैज्ञानिक तरिकाले व्याख्या गरेर महिनावारी हुनु भनेको ठूलो अपराध गर्नू हो भन्ने झैं भान पार्दै आइएको छ । त्यसलाई आजैका दिनदेखि सबैले निर्मूल पार्नु पर्दछ ।

महिनावारी महिलाको शारीरिक विकाससंगै नियमित हुने प्रक्रिया हो । यसलाई पहिलोपटक हुँदा किन छिछि र दूर दूर गरिन्छ ? अन्य सामान्य अवस्थामा हुने महिनावारी र पहिलोपटक हुने महिनावारीमा के फरक छ ? यसको चित्तबुझ्दो जवाफ कस्ले दिन्छ ? 'पहिलोपटक महिनावारी हुँदा घरमा बस्नु हुँदैन, अर्काको घरमा लुक्न जानुपर्छ, घाम नै हेर्नु हुँदैन, दाजुभाइको अनुहार हेर्नु हुन्न, त्यसबेला तरकारीको बोटबिरुवा छुँदा कुहिन्छ भन्ने जस्ता रुढिवादी सोच अहिले पनि कायम हुनुमा कस्को दोष छ ? यो आ-आफैंले समीक्षा गरौं ।

पहिलोपटक महिनावारी हुँदा महिलाहरु डराउने, बेस्सरी पेट दुख्ने, कमजोरी हुने समस्याहरु हुने हुँदा पोषण तत्वको पर्याप्त जरुरी र परिवारको साथ अत्यन्तै जरुरी हुन्छ । तर, हाम्रो समाज भने अनावश्यक रुढीवादी सोच पालेर महिलाहरुको स्वास्थ्यमाथि गम्भीर खेलवाड गरिरहेको छ । त्यसैले 'छाउगोठ' वा 'छाउकोठा' अब घरकै सुविधासम्पन्न कोठामा हुनुपर्छ । पहिलोपटक महिनावारी हुने छोरीहरुलाई पर्याप्त सुविधा भएको र स्वास्थ्य परामर्शदिने स्वास्थ्यकर्मीको उपलब्धतासहित पहिलो महिनावारी हुने अवस्थामा गर्नुपर्ने सरसफाई र पालना गर्नुपर्ने स्वास्थ्य मापदण्डका विषयमा जानकारी दिनु जरुरी छ । पहिलो महिनावारी हुने अवधिलाई तनाव र त्रासको वातावरणभन्दा प्रजनन स्वास्थ्यको विषयमा बुझ्ने र परिपक्व हुने अवधिको रुपमा परिणत गर्नुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ माघ ७ गते शनिबार २१ जनवरी २०२३ । औंसी, माघ कृष्णपक्ष। पोहेलागा ११४३ ने.सं. । सूर्योदय ६:५०, सूर्यास्त ५:३४।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : काम गर्ने आत्मबल बढ्नेछ | तुला | : परिवारमा उन्नति हुनेछ |
| वृष | : अरुको विश्वास जित्न सकिनेछ | वृश्चिक | : काममा रोकावट आउन सक्नेछ |
| मिथुन | : विवाद बढ्न सक्नेछ | धनु | : शुभ समाचार सुन्न पाइनेछ |
| कर्कट | : उत्साह कम हुनेछ | मकर | : मान सम्मान पाउन सकिनेछ |
| सिंह | : कार्य-सिद्धिबाट सुख मिल्नेछ | कुम्भ | : मन खिन्न हुन सक्नेछ |
| कन्या | : उदर-विकार हुन सक्नेछ | मीन | : व्यापार व्यवसायबाट लाभ हुनेछ |

# प्रश्नको कठघरामा प्रचण्ड



सीएन थारु

पुष्पकमल दाहाल 'प्रचण्ड' नयाँ प्रधानमन्त्री बने । नयाँ गठबन्धनको रचनाले चुनाव अघिको गठबन्धन भत्कियो । साँच्चै अहिले गठबन्धनको संस्कार विकास भएको छ । जालसाजी, धोखाधडी गठबन्धनको वास्तविक चरित्र हुन् र अहिले यिनै चरित्र बोकेर राजनीति अगाडि बढेको देखिन्छ । तर, यहाँ छलफल गर्न खोजेको विषय फरक छ । पुष्पकमल दाहाल नेपालको वहालवाला प्रधानमन्त्री भएकै कारण प्रश्न उहाँसंगै गर्ने हो । शेरवहादुर देउवा प्रधानमन्त्री हुँदा उहाँसँग प्रश्न गर्न सकिन्थ्यो र गरिएकै हो ।

लोकतन्त्रमा बोल्न पाइन्छ, लेख्न पाइन्छ । प्रश्नको कठघरामा पुष्पकमल दाहाल नै उभिनुपर्छ । जवाफदेहिता समेत उनै पुष्पकमल दाहालले देखाउनुपर्छ । सरकार प्रमुखको हैसियतले उनले प्रश्नको जवाफ दिनैपर्छ । हामी जनताले उत्तर पाउने पनि उनैबाट हो । तसर्थ, पुष्पकमल दाहालको अभिभावकत्व त्यति वेला स्वीकारिन्छ, जतिवेला उनले जवाफदेहिता प्रदर्शन गर्छन् ।

टीकापुर थारू विद्रोह र नयाँ संविधान जारीपश्चात पुष्पकमल दाहालको यो दोश्रो कार्यकाल हो प्रधानमन्त्रीमा । यो भन्दा अगाडि २०७३ सालमा उनी नेपालको प्रधानमन्त्री बनेका थिए । यो दोश्रो कार्यकालको प्रधानमन्त्रीत्व ग्रहण गर्दै गर्दा अन्तिम अवसर प्राप्त गरेको छ । यो तदर्थ सरकार नबनोस् भन्ने अग्रिम शुभकामना उनलाई । यति भन्दै गर्दा निम्न प्रश्नहरु उनको सामुन्ने आइपुग्छन् ।

पहिलो प्रश्न नेपाल राज्य समावेशी चरित्रको भयो कि भएन ? व्यवहारमा राज्य औपनिवेशिक चरित्र बोक्यो । यसको ज्वलन्त उदाहरण संविधानमा थारू कलष्टर छुट्याएर पनि हालसम्म सामाजिक न्यायको हकमा कुनै काम भएन ।

हाल नवनिर्वाचित प्रतिनिधिसभा अथवा प्रदेशसभा सदस्यमा थारू कलष्टरको समानुपातिक प्रतिनिधित्व पुगेन । तथ्याङ्क हेर्दा समेत २७५ सदस्यीय प्रतिनिधि सभा सदस्यमा जम्मा १५ जना प्रतिनिधि देखिन्छ । हुनुपर्ने कम्तिमा २० जना । प्रदेशसभा सदस्यमा समेत यस्तै अथवा यो भन्दा नाजुक स्थिति छ ।

संघीय निजामति सेवा ऐन सरकारले अगाडि नबढाउँदा त्यसको प्रत्यक्ष असर थारूको प्रतिनिधित्वमा देखा परेकै छ भने प्रहरी प्रशासन, बैंकिङ्ग सबैतिर नाजुक स्थिति छ ।

दोस्रो प्रश्न टीकापुर थारू विद्रोह राजनीतिक हो कि होइन ? टीकापुर थारू विद्रोहको उत्पत्ति कसरी र कुन समयमा हुन पुग्यो भन्ने जगजाहेर नै छ । त्यसबेला फास्ट ट्र्याकबाट संविधान जारी गर्ने राजनीतिक सहमति गरेर थारू उपर नयाँ खालको विभेद लाद्न खोजेको मनसाय प्रष्टै देखिन्थ्यो ।

नवलपरासी जिल्ला टुक्रयाउन आँट गर्नेले कैलाली जिल्ला किन टुर्क्याउन चाहेन ? अथवा जेरिमेन्डरिङ्गको नीतिमा किन सबै एकमत देखिए ? संघीय संरचना निर्धारण गर्दा भन्ने प्रश्न उठिरहेकै थियो । भीम रावल, लेखराज भट्ट तथा शेरबहादुर देउवाको जमिनदारी थियो त कैलाली जिल्ला ? पुष्पकमल दाहाल पनि किनाराको साक्षी भए ।

त्यसैले, विभेदविरुद्ध उठ्ने आन्दोलनको ज्वारभाटामा केही प्रहरी अधिकारीले ज्यान गुमाउन पुग्दा आतंकवादी क्रियाकलापमा टीकापुर थारू विद्रोह दरिन सक्दैन ।

तेस्रो प्रश्न लाल आयोग प्रतिवेदन लगायत अन्य छानविन समितिको प्रतिवेदन सार्वजनिक हुन्छ अथवा हुन्न ? टीकापुर थारू विद्रोहलगायत तराई-मधेसमा घटेका अन्य घटनाहरुको निष्पक्ष छानविन गर्न सर्वोच्च अदालतका न्यायाधीश गिरिशचन्द्र लालको अध्यक्षतामा छानविन आयोग गठन गरियो ।

लाल आयोगले सोको छानविन गरी नेपाल सरकारलाई प्रतिवेदन बुझाएको लामो समय बितेको छ । रोष्टमबाटै प्रधानमन्त्रीको हैसियतले केपी ओलीले संसदमा प्रतिवेदन सार्वजनिक गर्ने प्रतिबद्धता जनाए तर सार्वजनिक गरिएन ।

यसले राज्यको षड्यन्त्र तराई-मधेशको तात्कालीन सबै घटनाहरुमा छ भन्ने संकेत गरेको छ । प्रशासकहरुको अगाडि सरकार निरीह बन्नु आवश्यक छ र ?

चौथो प्रश्न रेशमलाल चौधरी अदालतले फैसला सुनाए अनुसारको अपराधी हुन् त ? निर्वाचनको परिणाम बर आएसंगै पुष्पकमल दाहाल जेलमै पुगे रेशमलाल चौधरीलाई भेट्न । मुलुकी फौजदारी संहिता ऐन २०७४ मा केही संशोधन हेतु अध्यादेश जारी गर्दा पुष्पकमल दाहाल पनि साथमै थिए । आफैं प्रधानमन्त्री भएर आएपश्चात रेशमलाल चौधरी लगायतका मुद्दा सम्बन्धमा पुष्पकमल दाहालको धारणा पहिलाकै हो कि बदलिन पुग्यो ? २०७२ भदौ ८ गते कर्फ्युको बीच टीकापुरमा थारूहरुको घर, पसल छानीछानी लुटपाट तथा आगजनी गरियो, सो को मुद्दा दर्ता गर्ने कि नगर्ने ?

त्यस समय टीकापुरको सडकमा नेपाली सेनाको समेत गस्ती रहेको र थारूहरुलाई घरमै बन्धक बनाएको कहालीलाग्दो समयबीच वरपरका थारू वस्ती पुरुषविहीन बनाउने सरकारी रवैया आफैंमा शर्मको विषय भनी स्मरण गरिने छ । सुरक्षाकर्मीको बुटले पहिचान र अधिकारको आन्दोलन परास्त गर्न सकिन्न भन्ने पाठ राज्यले समयमा नै सिकोस् ।

पाँचौ प्रश्न नेपाल पक्ष राष्ट्र भएर अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धि, महासन्धि तथा घोषणा पत्रहरुको कार्यान्वयन गर्न अग्रसर हुने कि नहुने ? नेपाल सरकारले यो अवधिमा बिप्पा, बेल्ट एण्ड रोड इनिसिएसन तथा एमसीसी सम्झौता गर्यो ।

त्यसै गरी भर्खरै क्यानाडामा सम्पन्न कोप-२७ मा नेपालले हस्ताक्षर गरेको छ । वायो डाइभर्सिटी फ्रेमवर्क (विडिएफ)को ३ लक्ष्यहरु प्राप्त गर्न २०३० सम्मको समयावधि पाएको देखिन्छ । यस वाहेक साँस्कृतिक, आर्थिक तथा राजनैतिक अधिकारसम्बन्धि महासन्धि, आइएलओ महासन्धि नं.१६९ तथा युएन आदिवासी अधिकारसम्बन्धि घोषणापत्र, जातीय छुवाछूत सम्बन्धि डार्बन घोषणा पत्र आदि अनुमोदन गरेको देखिन्छ ।

यी सन्धि, महासन्धि तथा घोषणा पत्रको कार्यान्वयन धिमा गतिमा हुने र कतिपयलाई राज्यले वेवास्ता समेत गर्ने गरेको छ । यस सम्बन्धमा सरकारको पहल कस्तो रहने हो, सोहीअनुसार हामी पुष्पकमल दाहाललाई अभिभावकको रुपमा लिने वा नलिने अधिकार राख्छौं ।

छैठौं प्रश्न विविध शीर्षकको प्रश्नहरु सर्वत्र छरिएका छन् । त्यसमध्ये संविधानमा लेखिएको गणतन्त्र, धर्मनिरपेक्षता, राष्ट्रिय स्वार्थ सहितको समावेशी राज्य, लोकतन्त्र, सामाजिक न्यायलगायत संघीयता जोगाउन चुनावताका मागेको मतको कदर कसरी र कुन स्तरको होला ?

अनि किन संघीयता मास्न उद्दत दलहरुको अप्राकृतिक गठबन्धन सरकारमा सामेल छन् ? धर्मनिरपेक्षता र गणतन्त्र सुन्न नरुचाउने दलहरु यही संविधान बमोजिम कुन हैसियतले संविधानको रक्षा गर्लान् ? वा स्वार्थी झुण्ड बनाएर देशलाई अनिर्णयको बन्दी बनाउने हो त ?

हामी लोकतन्त्रलाई आत्मसात गरेका छौं । यही लोकतन्त्रलाई बलियो बनाउन जनआन्दोलनको उपलब्धिहरु रक्षा गर्दै गर्दा संघीय गणतान्त्रिक लोकतन्त्र कसरी विवादित बन्न सक्छ ? विवाद यही विषयमा हुने हो भने कसरी सरकारले राजनीतिक निर्णय गर्न सक्छ ?

तसर्थ, स्वार्थको झुण्डभन्दा वाहिर देशको आवश्यकता बुझेर राजनीतिक निर्णय हुनुपर्छ । सबै दलहरुमा धर्मनिरपेक्षता विरोधी, गणतन्त्र विरोधी, संघीयता विरोधी झुण्ड निर्माण हुन पुगेको छ ।

त्यसैले, प्रतिक्रान्तिको सम्भावनाहरुलाई रोक्न अग्लो बाँध पुष्पकमल दाहालको नेतृत्वमा सम्भव बनाउनुपर्छ । सके अहिलेकै संविधान संशोधन गरेर समावेशी चरित्रको राज्य निर्माणमा जोड गर्ने, नसके जनताको अधिकारसम्म रक्षा गर्नुपर्छ । जेरिमेन्डरिङ्ग टाइपको संघीयता सुधार गर्नैपर्ने हो । राजनीतिमा देखिएको जमीनदारी उन्मुलन एकदिन भएर छाड्छ, चाहे बाध्यताले स्वीकार गरोस् कि शासक सम्भ्रान्तको उदारताले ।

अन्त्यमा, संविधानमा समाजवाद उन्मुख राज्यव्यवस्थाको धार स्वीकार गरियो । त्यही संविधानले तीनखम्बे अर्थनीति समेत अबलम्बन गर्यो । निजी क्षेत्रको स्थान अग्लो बनाउने सरकारको पहलकदमी निरन्तर अगाडि बढ्दैछ । सरकारको साझा न्यूनतम कार्यक्रम बनाउने सुरसारमा गठबन्धन दलहरु होलान् नै । साझा न्यूनतम कार्यक्रम भने पनि आखिरमा त्यो एमाले-माओवादी केन्द्रको कार्यक्रम नै हुनेछ ।

तसर्थ, जनजीविकाको सवालमा उठेका यावत प्रश्नहरुको जवाफ संगै उपरोक्त प्रश्नहरु पुष्पकमल दाहालले मनन गर्नुहुनेछ भन्ने विश्वास छ । पहिलो पटक दौरा-सुरुवाल तथा टोपी लगाएर सपथ लिएको दृष्यप्रति कुनै जनगुनासो नभए पनि चुनावी घोषणापत्रमा उल्लेख गरेका विविध वाचाहरु पुरा गर्न पहल लिन्छन् अथवा लिन्नन् भन्ने तथ्यप्रति अब सचेतनताका साथ खबरदारी हुनेछ ।

पुष्पकमल दाहाल अन्तिम किस्ताको रुपमा भए पनि अथवा नभए पनि एक सार्वभौम देशको प्रधानमन्त्रीको रुपमा छन्, यो जगजाहेर पक्ष हो । त्यसैले उपरोक्त प्रश्नहरुको जवाफ उनैमार्फत चाहिएको छ । कारण प्रश्नहरु पनि उनैलाई सोधिएको छ । आगे बाँकी जे आउँछ सहौंला, बुझौंला ।

*(साभार: रातोपाटी)*

# प्रगतिशील पुँजीवादतिरको बाटो

झलक सुवेदी

'सौभाग्यवश, हामीसँग बजारले सबै थोक गर्छ भन्ने लिँडेढिपीको विपक्षमा विकल्प छ । सरकार, बजार र नागरिक समाजबीच व्यवहारवादी ढंगले शक्तिको पुन: सन्तुलन गरेर हामी स्वतन्त्र, निष्पक्ष र अझै उत्पादनशील व्यवस्थातर्फ अघि बढ्न सक्छौं । प्रगतिशील पुँजीवादको अर्थ हो– मतदाता र निर्वाचित अधिकारीहरूबीच, कामदार वर्ग र निगमहरूबीच तथा धनी र गरिबहरूबीच नयाँ सामाजिक सम्झौता ।बहुसंख्यक अमेरिकी र युरोपेलीहरूका लागि मध्यमवर्गीय जीवनस्तर हासिल गर्न सकिने गरी यथार्थपरक लक्ष्य बनाउन बजारले अरू केही लप्पनछप्पन हैन, समाजको सेवा गर्नुपर्छ ।'

३ मे २०१९ मा प्रकाशित 'हामीलाई चाहिएको अर्थतन्त्र' शीर्षक आफ्नो लेखमा नोबेल पुरस्कारप्राप्त अर्थशास्त्री जोसेफ स्टिग्लिजले प्रगतिशील पुँजीवादका बारेमा दिएको व्याख्यानमा उपर्युक्त कुरा उल्लेख गरेका छन् ।

पछिल्ला २० वर्षदेखि विश्वभर नवउदारवादले निम्त्याएको असमानताले पुँजीवादलाई नै जोखिममा धकेल्दै लगेको बारे निकै बहस हुने गरेको छ । थोमस पिकेटीको पुस्तक 'एक्काइसौं शताब्दीको पुँजीवाद' ले विश्वभर कमाएको लोकप्रियता पनि कसरी असमानता घटाएर पुँजीवादलाई बचाउन सकिन्छ भन्ने तर्कलाई पुष्टि गर्नमा केन्द्रित थियो ।

तर नेपालको अवस्था भने उच्च या मध्यम आयस्तर भएका विकसित देशहरूको भन्दा भिन्न छ । हामीलाई चाहिँ पहिले आर्थिक वृद्धिका बाटाहरू पहिल्याउनु छ । हामी चेपुवामा छौं, आवश्यकता र यथार्थबीच । आवश्यकता छ पूर्वाधारहरूको विकास गरेर देशका हरेक कुनामा बसोबास गर्ने परिवारलाई शिक्षा, स्वास्थ्य सेवा, रोजगारीको आधारभूत अवसर उपलब्ध गराउने । मानवीय दृष्टिले बाँच्नलायक अवस्था सृजना गर्न सहयोग गर्ने । यसका लागि सार्वजनिक क्षेत्रले मात्र काम गर्न स्रोत र साधनले भ्याउँदैन । पूर्वाधार नभएको ठाउँमा बजार जाँदैन ।

राज्य र बजारबीच स्रोतको उच्चतम प्रयोग र वितरणको व्यवस्थापनको क्षेत्र बाँडफाँट नगरी हामी लक्षित आर्थिक वृद्धि हासिल गर्न सक्दैनौं । सन् १९९० भन्दा अघि राज्य बलियो थियो, निजी क्षेत्र फस्टाउन सकेको थिएन । पछि बजार सक्रिय त भयो तर यसले उत्पादनशील या औद्योगिक पुँजीवादको बाटो समातेन । राज्य सीमित पुँजीपति वर्ग या व्यावसायिक घरानाका हितहरूलाई व्यवस्थापन गरिदिने औजार मात्र बन्दै गयो । राज्यले बजारलाई हैन, बजारले राज्यलाई चलाउने अवस्था बनेको छ । कुनैकुनै बेला त राज्य छ कि छैन भनेर प्रश्नहरूसमेत उठ्ने गरेका छन् । तपाईंले गिट्टी-बालुवा, चिनी कारखाना, ठेक्कापट्टा र यती या चौधरी ग्रुपका अनेक किस्सा सुन्दै आउनुभएकै छ जहाँ राजनीतिक नेतृत्व र दोहनकारी आसेपासे पुँजीपतिहरूको सालनाल जोडिएको हुन्छ ।

आयातमा आधारित राजस्वबाट राज्य चल्ने, आयात गरिएका सामान बेचेर आउने नाफाबाट पुँजीपति वर्ग मोटाउने अवस्थाले राष्ट्रिय पुँजीको हैन, दलाल पुँजीको विकासमा मात्र योगदान गरेको छ । रेमिट्यान्स र सहरमा विकास भएको सेवा क्षेत्रका कारण पुँजी निर्माणले केही गति लिएको भए पनि सामाजिक श्रमको विभाजन र स्रोतहरूको उच्च प्रयोगका दृष्टिले हामी एकदम पछि छौं । देशभित्रको प्राकृतिक स्रोतको उच्च प्रयोग भएको छैन, श्रमयोग्य जनशक्तिको महत्त्वपूर्ण हिस्सा बाहिरिएको छ । पछिल्लो समय सिमेन्ट र जलविद्युत् मात्र हाम्रा आशालाग्दा क्षेत्र बनेका छन् ।

नेपालको बजार र उपभोगले मूलत: भारतीय पुँजीवादलाई पोस्ने काम मात्र गरेको छ । भारतीय पुँजीले नेपाली बजारमाथि गर्ने हस्तक्षेपको सेपमा परेर नेपाली पुँजीपति वर्ग टाक्सिएको छ । भन्सार-गैरभन्सार अवरोधका कारण नेपाली वस्तु तथा सेवाले भारतीय बजारमा पहुँच पाउन नसक्ने तर भारतले (पछिल्लो समय चीनको हिस्सा पनि थपिँदै छ) नेपाली बजारमाथि एकलौटी नियन्त्रण गर्ने हुँदा नेपालले उत्पादनशील या औद्योगिक पुँजीवादतिर फड्को मार्न सकेको छैन । जलविद्युत्को विकाससमेत भारतको प्रत्यक्ष दबाबमा छ ।

यता हामी बजारले महत्त्वपूर्ण भूमिका खेल्ने गरी राष्ट्रिय पुँजीको विकास नगरीकन अहिलेको अविकासको गोलचक्करबाट मुक्त हुन सक्दैनौं । केही समययता समाजवाद देशका लागि घाँडो भयो भन्ने कथनलाई स्थापित गर्न खोजिएको छ । तर समाजवाद राजनीतिक दलहरूका अभिलेख र चुनावमा मत माग्न हिँड्ने नेताहरूका बोलीमा बाहेक कतै उपस्थित छैन । एक प्रकारको भतुवा (क्रोनी) र पराश्रित पुँजीवादले हाम्रो अर्थराजनीतिलाई कठालो समातेर लतारिरहेको छ ।

अहिले यस्तो बहसतिर तानेको चाहिँ नेपालको राजनीतिक समीकरणले हो । भरखरै भएको निर्वाचनपछि अप्रत्याशित रूपमा नेकपा माओवादीका अध्यक्ष प्रचण्ड नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको समर्थनमा प्रधानमन्त्री बने । त्यसलगत्तै छवटा प्रदेशमा आफूलाई साम्यवादी दलका नेता-कार्यकर्ता भन्नेहरू मुख्यमन्त्री बनेका छन्, सभामुख बनेका छन् ।

सातौं प्रदेशमा पनि साम्यवादीहरूको समर्थनप्राप्त दलले सरकार बनाएको छ । यसको अर्थ हुन्छ– साम्यवादी भएको दाबी गर्ने दलहरूले सरकार र संसद्सहित स्थानीय तहमा पनि ठूलै हिस्साको नेतृत्व गर्छन् । यिनले अब कानुन बनाउन र व्यवहारमा आफ्ना नीतिहरू लागू गर्न मनग्गे समर्थन हासिल गरेका छन् । सरकारको समग्र स्वरूप छिर्केमिर्के भए पनि नीतिगत नेतृत्वचाहिँ साम्यवादी भनिने दलहरूले नै गर्दै छन् । रातो रंग खुइलिँदै घुर्मैलो देखिए पनि साम्यवादी दलको झन्डा बोक्ने दलले सरकार चलाउँदा कस्तो अर्थराजनीतिक बाटो अख्तियार गर्ला भन्ने प्रश्न उठ्ने नै भयो ।

विश्व साम्यवादी आन्दोलनमा कसरी समाजवादतिर जाने भन्ने विषयमा भएका बहसहरूमध्ये दुइटा बहस हाम्रो सन्दर्भमा अझै पनि अर्थपूर्ण लाग्छन् । साम्यवादी या समाजवादीहरूले सत्तामा जान कति बल गर्ने या सरकार चलाउन पाए भने कस्तो बाटो लिने भन्ने सम्बन्धमा भएका यी बहसको वैचारिकी अझै पनि कम्युनिस्टहरूबीच उद्धृत गरिन्छ । पहिलोचाहिँ जर्मन साम्यवादी नेता कार्ल काउत्स्की र रसियाली सामाजिक जनवादी पार्टीमा मेन्सेविकहरूले बोकेको विचार हो ।

उनीहरूले भन्ने गरेका थिए– पहिले पुँजीवादको चरम विकास हुन देऊ अनि मात्र समाजवादी क्रान्तिका लागि आधार तयार हुन्छ, हतार गरेर समाजवाद आउँदैन । लेनिनले यस्ता विचारहरू खारेज गरे र साम्यवादी क्रान्ति गरे । केही वर्ष युद्ध समाजवादको अभ्यास गरेपछि सन् १९२१ मा उनले नयाँ आर्थिक नीतिमार्फत सीमित मात्रामा पुँजीवाद विकासको बाटो खोलेका थिए । स्रोतको विवतरणमा बजार र निजी क्षेत्रलाई अर्थतन्त्रमा भूमिका खेल्ने बाटो खोलिएको थियो । तर सन् १९२२ पछि नै लेनिन सरकार चलाउन असमर्थ हुँदै गए र १९२४ मा उनको मृत्यु भएपछि स्टालिनले यो बाटो मोडे र तत्काल समाजवादमा जाने बाटो हिँडे । यसको परिणाम के भयो, सबैलाई जानकारी नै छ ।

सन् १९४९ मा भएको जनवादी क्रान्ति (कम्युनिस्टहरूको नेतृत्वमा भएको पुँजीवादी क्रान्ति) लगत्तै चीनले कस्तो बाटो लिने भन्ने विषयमा चिनियाँ कम्युनिस्टहरूबीच बहस आरम्भ भयो । माओले केही वर्ष त पुँजीवादी सुधारका कार्यमा ध्यान दिए । भूमिसुधार गरेर किसानहरूलाई जमिन बाँडियो । निजी उद्योगधन्दालाई प्रोत्साहित पनि गरियो । तर सन् १९५८ पछि भने उनले पनि हतारमा समाजवादतिर जाने बाटो अवलम्बन गरे । जमिन र उद्योगको सामूहिकीकरणमा जोड दिइयो । कम्युनहरू बने । यो बाटो गलत हो, निजी क्षेत्र र बजारको भूमिका निषेध गर्न हुन्न भन्नेहरूलाई पुँजीवादपन्थी भन्दै पार्टीबाट निष्कासित गरियो, जेल हाल्ने र हत्या गर्ने काम भयो । माओको मृत्युपछि तेङको नेतृत्वमा चीनले अर्थतन्त्रमा बजार र निजी क्षेत्रको भूमिकालाई प्रोत्साहित गर्दै गयो अनि अहिले निकै उन्नति गरिरहेको छ ।

केही समय त समाजवादी बजार अर्थतन्त्रकै नाममा स्वच्छन्द (एक हदसम्म क्रोनी) पुँजीवाद र बजार प्रभावशाली बन्दै गयो । सी चिनफिङले सत्तामा आएपछि अलिकति समाजवादतिर ढल्किँदै धनीहरूबाट लिएर गरिबलाई बाँड्न कर प्रणालीलाई प्रयोग गर्ने बाटो लिए । सन् १९७८ को सुधारपछि पहिलेका सामाजिक सुरक्षाका व्यवस्थाहरू भत्किए । पहिलो ३० वर्षमा सीमित व्यक्तिहरू र सीमित क्षेत्र उधुम धनी भएको अनि आम जनता र क्षेत्रहरू पछि पर्दै गएर व्यापक असमानता फैलिएको चीनमा अहिले सरकारले लिएका नीतिहरूबाटै सामाजिक न्यायको सुनिश्चितता गर्न वितरण प्रणालीलाई मजबुत बनाइएको छ । यसैलाई कम्युनिस्टहरूको नेतृत्वमा चलिरहेको प्रगतिशील पुँजीवादको अर्थराजनीतिक बाटो पनि (?) भन्न सकिन्छ । के नेपालले यस्तो बाटो लिन सम्भव छ ? माओवादी केन्द्र र नेकपा एमाले दुवै पुँजीवादी जनवादी क्रान्ति पूरा भएको र समाजवादको आधार तयार गर्ने समय आएको निष्कर्षमा पुगेका हुनाले पनि यस्तो बहसले केही अर्थ राख्छ नै ।


स्टिग्लिज अगाडि लेख्छन्, 'प्रगतिशील पुँजीवाद नवउदारवादजस्तो नभएर वर्तमान समयमा मूल्यको सृजना कसरी हुन्छ भन्ने सही ज्ञानमा आधारित छ । राष्ट्रको दिगोपन र सतको धन अरू देशबाट धुतेर या प्राकृतिक स्रोत र मानिसको शोषण गरेर प्राप्त हुँदैन, बरु नयाँ कुरा खोजी गर्ने मानवीय गुण र सहकार्यबाट प्राप्त हुन्छ जसलाई प्राय: सरकार र नागरिक समाजका संस्थाहरूले सहजीकरण गर्छन् । अठारौं शताब्दीको आधाउधीदेखि उत्पादकत्व बढाउने नवप्रवर्तनहरू नै गतिशीलता र उच्च जीवनस्तरका मुख्य चालक शक्तिका रूपमा रहँदै आएका छन् ।

औद्योगिक क्रान्तिले ढोका खोलेको तीव्र आर्थिक प्रगतिका मुख्य दुई खम्बा छन् । पहिलो हो विज्ञान, जसबाट हामी आफूवरपरको अवस्था बुझ्न र पछ्याउन सक्छौं । दोस्रोचाहिँ सामाजिक संगठन हो, जसले हामीलाई आफू एक्लैको सामर्थ्यभन्दा कैयौं गुणा बढी उत्पादनशील बनाउन मद्दत गर्छन् । समयक्रममा विधिको शासन, शक्ति सन्तुलनको सिद्धान्त अपनाएका लोकतान्त्रिक व्यवस्था र विश्वव्यापी स्तरीकरणले यी दुवै खम्बालाई थप मजबुत बनाउँदै लगेका छन् ।' नेपालका सन्दर्भमा स्टिग्लिजले भनेका नवप्रवर्तन र लोकतन्त्र दुवै खम्बा कमजोर छन् । उच्च आर्थिक वृद्ध नभई आम मानिसलाई मध्यम वर्गमा लैजान सम्भव हुँदैन । बलियो मध्यम वर्गले मात्र नागरिक समाजका संस्थाहरू बलियो बनाउन र राज्यलाई उत्तरदायी बनाउन दबाब दिन सक्छ । सार्वजनिक संस्थाहरू बलिया नबनीकनै लोकतन्त्र विकसित हुँदैन ।

यसरी आर्थिक विकास र लोकतन्त्र सँगै अघि बढ्ने अन्तरसम्बन्धित र परिपूरक घटनाहरू हुन् । आर्थिक विकासका संरचनागत तगाराहरू भने घरेलु अर्थतन्त्रको स्वरूप र विश्वबजारसँगको अन्तरक्रिया दुवैतिर छन् ।

*(साभार: ई-कान्तिपुर)*

# नेपालको विद्युतको लागि खुल्दैछ बंगलादेशको ढोका



काठमाडौं/नेपालको बिजुलीलाई भारत हुँदै बंगलादेश पुग्न दिन भारत सकारात्मक देखिएको छ । भारत सरकारसँग नेपाल र बंगलादेशले संयुक्त रुपमा बंगलादेशमा प्रारम्भिक रुपमा ५० मेगावाट बिजुली भारत लैजानका लागि प्रशारण पूर्वाधार प्रयोगको अनुमति दिन प्रस्ताव गरेका छन् । दुवै देशको अनुरोधमा भारतले प्रक्रिया अघि बढाएपछि नेपाल र बंगलादेश उत्साहित छन् ।

आगामी फेब्रुअरीको तेस्रो साता नयाँ दिल्लीमा हुने नेपाल-भारत ऊर्जा सचिवस्तरीय बैठकमा यसबारे थप छलफल हुने भएको छ । २२ पुसमा भएको बंगालदेश-भारत विद्युत सहयोगसम्बन्धी द्विपक्षीय बैठकमा पनि यसबारे छलफल भएको थियो ।

नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ बढीमा ३ महिनाभित्र भारत हुँदै बंगलादेशमा विद्युत व्यापारको ढोका खुल्न सक्ने बताउँछन् । 'भारत सकारात्मक रहेको जानकारी पाएका छौं, बंगलादेशमा विद्युत निर्यात गर्न हामी पनि उत्साहित छौं,' उनले भने, 'सानो परिमाणमा भएपनि सांकेतिक रुपमा बंगलादेशसँग विद्युत व्यापार थाल्न सकियो भने त्यसले थप क्षेत्रीय विद्युत बजारको ढोका खुल्छ, हाम्रो जलविद्युतको सम्भावना थप फैलिन्छ ।'

अहिले पनि भारत र बंगलादेश विद्युत व्यापार गरिरहेकै छन् । दुबै देशबीच ७६५ केभीको लाइन पनि बन्दैछ । यदि अहिले सांकेतिक रुपमा मात्रै बंगलादेशमा विद्युत निर्यात थाल्न सके भविष्यमा हजारौं मेगावाट विद्युत बंगलादेशमा बेच्ने बाटो खुल्ने छ ।

बंगलादेशले पनि भारतसँग पटक-पटक नेपालसँगको प्रसारण लाइन कनेक्टिभिटी र विद्युत व्यापार का लागि ढोका खुला गरिदिन आग्रह गर्दै आएको छ । भारतसँग विद्युत व्यापार गरिरहेको बंगलादेश नेपालसँग सोझै प्रसारणलाइनमा जोडिएपछि नेपालको जलविद्युत आयोजनाहरुमा लगानी गर्न इच्छुक छ । सोही वातावरण तयार गर्न नेपाल र बंगलादेशले संयुक्त रुपमा नै भारत सरकारलाई आफ्नो प्रसारणलाइन प्रयोग गर्न दिएर नेपाल-बंगलादेश विद्युत व्यापारको ढोका खुला गर्न आग्रह गर्दै आएका छन् ।

बंगलादेशले गत २२ पुसमा मात्रै भारतसँग नेपालबाट जलविद्युत आयात गर्न भारतसँग निर्णायक भूमिका खेल्नका लागि लागि आग्रह गरेको थियो । बंगलादेशका ऊर्जा तथा खनिज राज्यमन्त्री नसरुल हमिदले ऊर्जा तथा नवीकरणीय ऊर्जामन्त्री राजकुमार सिंहलाई नेपाल र भुटानबाट जलविद्युतको आयात गर्न चाहेको भन्दै 'देखिने गरी सहयोग गर्न' भारत सरकार सँग प्रस्ताव गरेका थिए । जवाफमा भारतीय ऊर्जामन्त्री सिंहले नेपालबाट विद्युत आयातमा सहयोग गर्ने आश्वासन दिँदै उनले बंगलादेशको विद्युत् क्षेत्रको विकासका लागि मिलेर अघि बढ्न सक्ने बताएको खबर भारतीय सञ्चारमाध्यमहरुले प्रकाशित गरेका थिए ।

### दुई देशको निरन्तर पहल

नेपाल र बंगलादेशबीच २०७५ साउनमै विद्युत विकास तथा आदानप्रदान र प्राविधिक सहयोगमा सहकार्य गर्ने गरी 'इनर्जी को-अपरेसन' सम्बन्धी समझदारी (एमओयू) भएको थियो । एमओयूमा द्विपक्षीय आर्थिक तथा व्यापारिक विकासमार्फत क्षमता अभिवृद्धि, विद्युत उत्पादन, ग्रिड कनेक्टिभिटी, ऊर्जा दक्षता, नवीकरणीय ऊर्जा तथा जलविद्युत् विकासमा सहकार्य हुने विषयहरु थिए । यो समझदारी कार्यान्वयनका लागि ऊर्जा सचिव र सहसचिवस्तरीय समितिका बैठक पटक-पटक बसेका छन् ।

तर, भारतलाई विश्वासमा लिन नसक्दा नेपाल-बंगलादेश ऊर्जा सहकार्यको योजना अधुरै छ । त्यसैकारण दुवै देशले भारतमाथि कूटनीतिक तवरमा पनि सहजीकरणको माग गर्दै दबाब बढाएका छन् ।

२८ असोज २०७६ मा दिल्लीमा भएको नेपाल-भारत ऊर्जा सचिवस्तरीय ज्वाइन्ट स्टेयरिङ कमिटीको सातौं बैठकमा 'नेपाल, भारत र बंगलादेशबीच त्रिपक्षीय सम्झौता आवश्यक भएको र यसबारे छलफल गर्न भारतीय विदेश मन्त्रालयले तीन महिनाभित्र छुट्टै बैठक आयोजना गर्ने' सहमति भएको थियो ।

तर, त्यसपछि भारतले बोली फेर्दै ऊर्जा प्रशासनले यो विषयलाई तीनै देशले विदेश मन्त्रालयस्तरको वार्ताबाट मात्रै टुंगोमा पुर्‍याउनुपर्ने बताउन थालेको थियो । १४ मंसिर २०७७ मा भएको आठौं नेपाल-भारत ऊर्जा सचिवस्तरीय बैठकमा पनि त्रिदेशीय बैठक आयोजना गर्न नेपालले गरेको प्रस्तावमा भारतीय पक्षले परराष्ट्र मन्त्रालयहरुले यसबारे छलफल गर्न सक्ने जवाफ दिएको थियो ।

दुवै देशको निरन्तरको पहलपछि भारतले आफ्नो नोडल एजेन्सीमार्फत भारत हुँदै दुई देशबीच आफ्ना पूर्वाधार प्रयोग गरेर बिजली व्यापारको अनुमति दिन सक्ने गरी कानुनी व्यवस्था गरेको थियो । १४ फागुन २०७७ मा भारतले 'अन्तर देशीय विद्युत व्यापारको कार्यविधि' जारी गर्दै तोकिएका प्रक्रिया पुरा गरेर भारतको बाटो भएर ऊर्जा सहकार्यको समझदारी भएका छिमेकी देशले बिजुली आदान-प्रदान गर्न सक्ने व्यवस्था गरेको छ ।

त्यसका आधारमा नेपाल र बंगलादेशले भारतबाट अनुमति लिन थप पहल गर्ने सहमति गरेका छन् । गत ९ भदौमा काठमाडौंमा भएको नेपाल र बंगलादेशबीच ऊर्जा सहकार्यका लागि गठित ऊर्जा सचिवस्तरीय संयुक्त सञ्चालन समिति (जेएससी)को बैठकमा ५० मेगावाटसम्मको बिजुली व्यापार गर्न सहमत नेपाल र बंगलादेश भएका थिए । तत्कालका लागि सिलगुडी करिडोरमा रहेको भारतीय ट्रान्समिसन लाइन प्रयोग गर्न भारतसँग सहमति माग्ने बंगलादेश र नेपाली पक्षको निर्णय थियो ।

सो बैठकमा बंगलादेश र नेपालले भारत सरकारको नोडल एजेन्सी एनटीपीसी विद्युत व्यापार निगम (एनभीभीएन)सँग यससम्बन्धी समझदारीका लागि आग्रह गर्ने सहमति गरेको थियो । भारत सरकार सँग प्रसारणलाइन प्रयोगको अनुमति लिएर भारतीय नोडल एजेन्सी एनभीभीएन मार्फत विद्युत व्यापार सुरु गर्ने नेपाल र बंगलादेशको योजना छ ।

बंगलादेश र नेपाल बीचको विद्युत व्यापार थाल्न भारत सहमत भएमा त्रिपक्षीय सम्झौता गर्नुपर्ने हुन्छ । यसका लागि भारतीय भूमिको प्रसारणलाइन लगायतका पूर्वाधार प्रयोग र त्यसमा लाग्ने शुल्क जस्ता विषयमा पनि सहमति जुट्नुपर्छ ।

अहिले नेपाल र बंगलादेशको सीमाहरुसम्म रहेको प्रसारणलाइन र पूर्वाधारले ५० मेगावाटभन्दा बढीको बिजुली व्यापार गर्न नसकिने प्राविधिक विश्लेषण छ । तर, सांकेतिक रुपमा भारतलाई पनि सहभागी गराएर ऊर्जा व्यापार थाल्न सकिए त्यसले भविष्यमा थप ऊर्जा सहकार्यको वातावरण बन्ने दुबै पक्षको विश्वास छ ।

### बंगलादेशको हुटहुटी

भविष्यमा भारतको साथ लिएर नेपाल-भारत- बंगलादेश प्रसारण कारिडोर निर्माण गर्ने समेत दुवै देशको योजना छ । नेपाल विद्युत प्राधिकरण र बंगलादेश पावर डेलभमेन्ट बोर्डबीच संयुक्त कम्पनी स्थापना गरेर नेपालमा सुनकोशी-३ जलविद्युत आयोजना बनाउन बंगलादेश अग्रसर छ । नेपालसँग सो आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन लिएको बंगलादेशले अध्ययन गरेर लगानी मोडालिटी तय गर्न चाहेको छ ।

आगामी फागुनमा बस्ने नेपाल-बंगलादेश ऊर्जा सचिवस्तरीय बैठकमा लगानी मोडालिटीमा सहमति गर्न नेपाल पनि पनि सहमत छ । यस्तो परियोजनाबाट उत्पादित बिजुली बंगलादेशसम्म लैजाने वातावरण बनाउन बंगलादेश भारतसँग सघन छलफलमा छ ।

केही वर्षयता नेपाल र बंगलादेशबीच डेडिकेटेड ट्रान्समिसन लाइन निर्माणको सम्बन्धमा छलफल चलिरहेको छ । नेपालमा भारतीय कम्पनी गान्धी मल्लिकार्जुन राओ (जीएमआर)ले निर्माण गर्ने माथिल्लो कर्णाली जलविद्युत आयोजनाबाट ५०० मेगावाट बिजुली किन्न बंगलादेशले प्रारम्भिक सहमति जनासकेको छ । यसका कारण पनि भारतले नेपाल र बंगलादेशबीच विद्युत व्यापार खुला गर्नुपर्ने अवस्था छ ।

नेपालले लक्ष्यअनुसार १० वर्षमा १५ हजार मेगावाट बिजुली उत्पादन गरेमा बंगलादेश पनि नेपाली बिजुलीको प्रमुखमध्येको एक बजार बन्न सक्ने विज्ञहरू नै बताउँछन् । त्यसको महत्वपूर्ण आधार भनेको तीव्र गतिमा भइरहेको बंगलादेशको औद्योगीकरण हो ।

बंगलादेश सरकारको प्रक्षेपणका आधारमा बंगलादेशलाई सन् २०३० सम्म ४० हजार मेगावाट र सन् २०४१ सम्म ६० हजार मेगावाट बिजुली आवश्यक पर्छ । अहिले उर्जाका लागि बंगलादेशले डिजल, ग्याँस र कोइलामा ठूलो खर्च गरिरहेको छ । यसबाट भइरहेको वातावरणीय प्रदूषण अर्को चिन्ताको विषय बनेको छ ।

बिजुलीको माग उच्च रूपमा वृद्धि भइरहेका कारण मात्रै होइन, अन्तर्राष्ट्रिय मञ्चमा कार्वन उत्सर्जन कटौतीको लागि गरिएका प्रतिवद्धता पूरा गर्न पनि बंगलादेश नेपालबाट बिजुली लैजान आतुर छ ।

नेपाल विद्युत प्राधिकरणका अधिकारीहरु नेपालको जलविद्युतमा भइरहेको बढ्दो लगानीका कारण पनि भारत, बंगलादेश, श्रीलंका र चीनसहित अरू क्षेत्रीय बजारसम्म जानुपर्ने बताउँछन् । *(अनलाइनखबरबाट)*

# सत्ता भागबण्डामा छुटेका मधेशका खेलाडीहरु



काठमाडौं/सत्ता भागबण्डामा छुटेका मधेशका क्षेत्रीय दलहरुमध्ये कोही प्रतिकार गर्ने धम्की दिइरहेका छन् भने कोही प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बोलाएको सर्वदलीय बैठक बहिष्कार गर्न लागेका छन् । एमाले अध्यक्ष केपी ओली र माओवादी केन्द्र अध्यक्ष प्रचण्ड हालको भागबण्डामा एकोहोरो हाबी भएको उनीहरुको निष्कर्ष छ ।

प्रथम मधेश विद्रोहको १९ वर्ष पुगेको ५ माघको अघिल्लो साँझ 'शासकवर्गविरुद्ध प्रतिकार' को धम्की सीके राउतबाट आयो । उनी अहिले जनमत पार्टीका अध्यक्ष छन् । उनको पार्टीका तर्फबाट उद्योगमन्त्री प्रस्ताव गरिएका अब्दुल खान खानेपानी मन्त्रालय जानुपर्ने भएपछि पदभार ग्रहण गर्न नै गएनन् ।

लोसपा अध्यक्ष महन्थ ठाकुरले भने मधेशलाई पाखा पारिएको भन्दै दुई दिनअघि प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा डाकिएको सर्वदलीय बैठक बहिष्कार गरे । २६ पुसमा प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिए पनि बिहीबार लोसपाले एमालेका सभामुखका उम्मेदवारलाई मत दिएन । तर मधेशका क्षेत्रीय शक्तिहरुमा देखिने सत्ता समर्थन र विरोधको निकट विगत भने रोचक छ ।

मधेशका जनतामा प्रतिपक्षीय मानसिकता हुँदा पनि त्यहाँबाट चुनिएका नेताहरुले 'सत्ता' लाई समर्थन दिन छाडेनन् । मधेश आन्दोलन र नाकाबन्दीको उत्कर्षमा समेत मधेशका नेताहरु तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाको पक्षमा भोट हाल्न आएको सात वर्षअघिको विगत ताजै छ । त्यसयताका अनेकौं प्रधानमन्त्री चुनाव र सत्ता भागबण्डामा कहिले कांग्रेस त कहिले एमालेसँग, यदाकदा माओवादीसँग मधेशका क्षेत्रीय नेताहरु नजिक रहिरहे । तर यसपल्ट काठमाडौंको सत्ता भागबण्डामा भने मधेशका सबै क्षेत्रीय शक्तिहरु पाखा पारिएका छन् । मधेश प्रदेशको सरकार निर्माण भने अपवाद बन्न पुग्यो ।

१६ वर्षअघि ५ माघ ०६३ मा सिरहाको लहानबाट फैलिएको मधेश विद्रोहको लप्काले सिंगो देशलाई मात्रै छोएन, यो भूराजनीतिक कम्पनको विषय समेत बन्न पुगेको थियो । यो विद्रोहले जन्माएका नेता उपेन्द्र यादवले अघिल्ला वर्षभैं 'बलिदान दिवस' मनाएनन् । महन्थ ठाकुरले पार्टी कार्यालयमा सानो जमघट गरे । सीके राउतले संसदमा मौनधारण गर्न लगाएर औपचारिकता पूरा गरे । रेशम चौधरीको नागरिक उन्मुक्ति पार्टीका सांसदले सभामुख छान्ने दिन पारेर संसदमा आफू सत्तासँगै नजिक हुन चाहेको स्मरण गराए ।

बुधबार राति जनमत पार्टी अध्यक्ष सीके राउतले एउटा ट्वीट गरे, जहाँ शासकवर्गविरुद्ध मधेशले प्रतिकार गर्ने धम्की थियो । तर प्रसंग मधेशका अधिकारहरुको थिएन, सत्ता भागबण्डामा भनेजस्तो मन्त्रालय नपाएको झोंक त्यसमा प्रतिविम्बित थियो । 'कुरा केवल जनमत पार्टीको होइन, जसपा र लोसपा र जनमत र नाउपा सबैलाई पाखा लगाउँदै शासकवर्गले बूलडोज गरेको हो', राउतले ट्वीट गरेका थिए, 'चरम नश्लवादीहरूको झुण्ड पूरै मधेशी र थारूलाई राज्यबाटै बहिष्करण गर्दै, यो देश तिम्रो होइन भन्दै, अधिकार खोस्दै, दमन शोषण गर्न अगाडि बढेका हुन् । मधेशले यसको प्रतिकार गर्नेछ ।'

सीके राउतको शब्द-शब्द याद रहोस् । उनले हालको सत्ता गठबन्धनका नेतृत्वकर्ताविरुद्ध मधेशले प्रतिवाद गर्ने कुरा गरेनन्, मात्र प्रतिकार गर्ने कुरा गरे । जबकि जसपा र जनमत पार्टीको प्रभाव क्षेत्र मधेश प्रदेशमै यसपल्ट एमाले र कांग्रेस क्रमश: पहिलो र दोस्रो शक्ति भएका छन् । अनि एमालेले जसपा र जनमतलाई आधा-आधा कार्यकाल मुख्यमन्त्री चलाउन सहमति समेत दिइसकेको छ ।

यति हुँदाहुँदै राउतको टिप्पणीमा झल्केको आवेगले काठमाडौंमा अर्थ पाइरहेको छ । उनको तरिकाबाट क्षुब्ध भएर हुनुपर्छ, आज संसदमा अरु सांसदहरु बलिदान दिवसका लागि मौनधारणमा उठ्दैगर्दा प्रधानमन्त्री प्रचण्ड उठेनन् । उनी सिटमै बसिरहे । 'के विषयमा मौनधारण गर्ने या नगर्ने भन्ने कुरा सभामुखको निर्देशन अनुसार हुन्छ, जो पनि गएर मौनधारण गर्दैमा सबै सांसद उठ्ने कुरा भएन', प्रचण्ड निकट एक नेताले भने, 'उहाँहरु (सीके) को असहमति व्यक्त गर्ने तरिका अलिक राजनीतिक ढंगबाट आइरहेको छैन । प्रधानमन्त्रीले यो कुरा नोट गर्नुभएको छ ।'

तर सीके राउत नेतृत्वको जनमत पार्टीका उपाध्यक्ष दीपक शाहले भने आफूहरु असन्तोष चर्काएर होइन, मिलेरै जाउँ भन्ने पक्षमा रहेको, तर सत्ताको मुख्य नेतृत्वकर्ताले मधेशको आवाजलाई उपेक्षा गरेको गुनासो गरे । 'हाम्रो उद्देश्य मिलेरै जाऔं भन्ने थियो, हामीले लोभलालचमा परेर मालदार मन्त्रालय मागेका थिएनौं पनि', उनले भने, 'मधेशमा उद्योग कारखाना खोल्ने, रोजगारी दिलाउने बाचा गरेर आएका छौं । त्यसका लागि खोई हामीलाई सहयोग ?' बिहीबार साँझ संचारकर्मीसँग कुरा गर्दै साहले भागबण्डा गर्ने बेलामात्रै राष्ट्रिय सहमतिको शब्द दिने, अरु बेला बिर्सने रवैया छाड्न एमाले र माओवादी केन्द्रलाई चेतावनी दिए ।

राज्य पृथकताको नारा दिँदै राजनीतिमा छाएका राउतले कालान्तरमा त्यो एजेन्डा बिसाए । अहिले उनी मधेशमा सुशासन र डेलिभरी दिने मुद्दा उठाइरहेका छन् । रोजगारी सिर्जना त्यसैसँग सम्बन्धित छ । उनले चुनावताका वैदेशिक रोजगारीमा गएका धेरै युवालाई देशमा फर्काउने बाचा गरेका छन् । यिनै बाचासहित उनले मधेश आन्दोलनका नेता उपेन्द्र यादवलाई सप्तरीमा भारी अन्तरले चुनाव हराए । प्रधानमन्त्रीमा प्रचण्डलाई साथ दिँदा होस् या सभामुख चुनावमा एमाले उम्मेदवार देवराज घिमिरेलाई भोट हाल्दा- मधेशका प्रतिस्पर्धी जसपा र जनमत पार्टी एकै ठाउँ देखिएका छन् । जसपाले चुनावमा एमालेसँग तालमेल गरेको थियो । महन्थ ठाकुर नेतृत्वको लोसपाले भने सभामुख चुनावमा कांग्रेस उम्मेदवारलाई सघायो ।

परिणामस्वरुप अहिले प्रचण्ड मन्त्रिपरिषद्मा मधेशको क्षेत्रीय राजनीतिका अगुवा दलहरु सामेल छैनन् । खानेपानी मन्त्रालय पाएको जनमत पार्टीले त्यो मन्त्रालय कुनै पनि हालतमा नलिने अड्डी लिएसँगै यो अवस्था सिर्जना हुन गएको हो । मधेशका क्षेत्रीय दलहरुले अहिलेको सरकारमा एमाले र माओवादी हाबी भएको, बाँकी दलहरु दर्शक जस्तो देखिन गएको आरोप लगाएका छन् । 'प्रधानमन्त्री प्रचण्डलाई यो सरकार समावेशी बनाउने अवसर थियो, उहाँले त्यसका लागि भेटघाट र प्रयास गर्न सक्नुहुन्थ्यो', जसपा प्रवक्ता मनिष सुमनले भने, 'तर उहाँले मन्त्रिमण्डलमा सबैलाई समेट्न मेहनत नै गरेको देखिएन ।' लोसपा नेता सुरेन्द्र झाले पनि सुमनकै जस्तो धारणा राखे । मुक्ति आन्दोलनबाट आएका प्रधानमन्त्रीले संविधानका आधारभूत मान्यतामै प्रश्न उठाउने दलहरुलाई सँगै लिएर जान तयार हुनु, आफूहरुसँग भने प्रभावकारी संवादसमेत नहुनुलाई पार्टीले अस्वभाविक रुपमा लिएको उनको भनाइ छ । *(अनलाइखबर)*

# कहालीलाग्दो फुटबलर पलायन, बिग्रिन सक्छ राष्ट्रिय टिमको सन्तुलन

काठमाडौं/राष्ट्रिय टिमका नियमित डिफेण्डर दिनेश राजवंशी र मिडफिल्डर तेज तामाङले ए डिभिजन लिगका लागि नवप्रवेशी टिम चर्च ब्वाइजसँग सम्झौता गरिसकेका थिए । पछिल्लो ४/५ वर्षदेखि राष्ट्रिय टिमबाट खेल्दै आएका दुबैलाई मनाङ मर्स्याङ्दीबाट आफूमा ल्याउन चर्च ब्वाइजले मासिक १ लाख रुपैयाँभन्दा बढी पारिश्रमिक दिने सहमति गरेको थियो । तर क्लबले सार्वजनिक गर्न नपाउँदै दुबै फुटबलर मंगलबार अष्ट्रेलिया उडेका छन् ।

त्यही दिन डिफेण्डर गौतम श्रेष्ठ पनि अष्ट्रेलिया उडे । भोलिपल्ट गोलकिपर नितिन थापा र स्ट्राइकर रञ्जन विष्टले पनि नेपाल छाडे । डिफेण्डर गौतमले संकटा र नितिनले ए डिभिजन लिगको नवप्रवेशी एफसी खुमलटार सँग सम्झौता गरिसकेका थिए । गत सिजन न्यूरोड टिम (एनआरटी)बाट लिग खेलेका रञ्जनले आसन्न लिगका लागि सम्झौता गरिसकेका थिएनन् ।

पछिल्लो समय नेपाली फुटबलरहरु विदेशिने क्रम बढ्दो छ । एक वर्षमा मात्र ३५ भन्दा बढी खेलाडी विदेशिएका छन् । करिब ३ दशकदेखि नेपाली फुटबललाई नजिकबाट हेरिरहेका सञ्जीव मिश्र खेलाडी पलायनको यस्तो डरलाग्दो स्थिति यसअघि नदेखेको बताउँछन् ।

'नेपालको फुटबलमा अनियमित गतिविधि हुने परम्परा नयाँ होइन । विगतका वर्षहरुमा पनि यसरी नै चलेको हो', मिश्र भन्छन्, 'तर यसपल्ट उम्दा करिअर छाडेर खेलाडी गइरहेका छन् । उनीहरु किन विदेशिरहेछन् भनेर केही बुझ्नै सकेको छैन ।'

७ वर्षअघि करिअरको उत्कर्षमा रहँदाकै समयमा जगजित श्रेष्ठ अष्ट्रेलिया पुगेका थिए । त्यसपछि शुलभ मास्के, हेमन गुरुङ, एलन न्यौपानेहरु पनि अस्ट्रेलिया हानिए । पछिल्लो वर्ष भने अस्ट्रेलिया जान खेलाडीको लर्को नै लागेको छ । यसरी विदेशिने खेलाडीहरुको सूचीमा उमेर समूहको राष्ट्रिय टिमबाट खेलेका र सिनियर टिमबाटै अन्तर्राष्ट्रिय खेल खेलिसकेका खेलाडीहरुको बाहुल्य छ । डिसेम्बर २०१९ मा १३ औं दक्षिण एसियाली खेलकुद (साग) मा नेपालको प्रतिनिधित्व गरेका यू-२३ टिमका २० मध्ये ८ जना अहिले अस्ट्रेलियामा छन् ।

सागमा स्वर्ण विजेता टिमका दिनेश राजवंशी, सुमन अर्याल, मिक्छेन तामाङ, हेमन्त थापामगर, नितिन थापा, तेज तामाङ, अभिषेक रिजाल र रेजिन सुब्बा हाल नेपालमा छैनन् । उनीहरु राष्ट्रिय टिमकै मुख्य ब्याकअप थिए । कतिपयले त राष्ट्रिय टिमबाट खेल्नै थालिसकेका थिए ।

सुमन लामा, आशिष लामा, दर्शन गुरुङ, सन्जोक राई पनि अहिले नेपालमा छैनन् । दर्शन त यस्तो बेलामा अष्ट्रेलिया उडेका थिए, जतिबेला ४० वर्षपछि कुवेतविरुद्ध गोल गरेका कारण उनको वाहवाही भइरहेको थियो ।

२८ जेठमा कुवेतमा भएको खेलमा वैकल्पिक खेलाडीका रुपमा मैदान प्रवेश गरेका दर्शनले गोल गरेका थिए । ४० वर्षपछि कुवेतविरुद्ध गोल गर्ने खेलाडीको परिचय बनाएका उनी असारमा अष्ट्रेलिया लागे । सन् २०२० मा बंगलादेशसँगको खेलबाट राष्ट्रिय टिममा डेब्यू गरेका दर्शनले ७ क्याप जितेका छन् ।

सन् २०१६ मा श्रीलंका विरुद्ध राष्ट्रिय टिमबाट डेब्यू गरेका सुमन लामा (२२ क्याप), २०१८ मा पाकिस्तानविरुद्ध डेब्यू गरेका सुमन अर्याल (२६ क्याप), यमनविरुद्धको खेलमा डेब्यू गरेका दिनेश राजवंशी (२४ क्याप), २०१९ मा मलेसिया विरुद्धको खेलमा डेब्यू गरेका अभिषेक रिजाल (१२ क्याप) र तेज तामाङ (२४ क्याप), कुवेतविरुद्धको खेलमा डेब्यू गरेका सन्तोष तामाङ (१६ क्याप) र आशिष लामा (६ क्याप) लाई राष्ट्रिय टिमको भविष्यका रुपमा हेरिएको थियो ।

२०७८ जेठदेखि २०७९ भदौसम्म नेपाली राष्ट्रिय टिमका प्रमुख प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीले १५ खेलाडीलाई सिनियर टिमबाट डेब्यू गराएका थिए । यसबीचमा नेपालले प्रतियोगिता र मैत्रीपूर्ण गरी २० खेल खेलेको थियो । यस अवधिमा मौका पाएका गौतम श्रेष्ठ, आकाश बुढामगर, शिव गुरुङ र राजन गुरुङले नेपालमा भविष्य देखेनन् । लेफ्ट ब्याक गौतमले सबैभन्दा धेरै १६ क्याप जितेका छन् । अहिले उनीहरु सबै अस्ट्रेलियामा छन् ।

अहिले नेपालको राष्ट्रिय टिमबाट नियमित खेलिरहेका विशाल श्रेष्ठ, रोहित चन्द, किरण चेम्जोङ, सुजल श्रेष्ठ लगायतका खेलाडीहरु करिअरको उत्तरार्धतिर छन् । उनीहरुलाई प्रतिस्थापन गर्नेसक्ने क्षमता भएका खेलाडीहरु विदेशिँदा राष्ट्रिय टिमसँगै क्लब फुटबलको सन्तुलनमा असर पर्न थालेको छ ।

वर्षौंको लगानीबाट तयार भएको एउटा पुस्ता बाहिरिँदा अन्तर्राष्ट्रिय टिम निर्माणमा संकट आउन सक्ने प्रशिक्षक मेघराज केसी बताउँछन् । नेपालको यू-२० टिमका प्रशिक्षक केसीले भने, 'देशभित्र मात्र फुटबल खेल्ने हो भने त उनीहरुको स्थान अर्को खेलाडीले लेलान् । हामी विदेशमा पनि खेल्ने हो भने एउटा ठूलो भ्याकुमको अवस्था बनिसकेको छ ।'

खेलाडी पलायनको यो डरलाग्दो तथ्यांकको विश्लेषणअघि पछिल्लो तीन वर्षमा नेपाली फुटबलमा के भयो हेर्नुपर्ने उनी बताउँछन् । २०७६ असोजदेखि पुस महिनासम्म ए डिभिजन लिग सञ्चालनमा थियो । माघ र फागुन महिनामा नकआउट फुटबल सञ्चालन भयो । चैतदेखि कोरोना महामारीका कारण लगडाउन सुरु भयो । अर्को वर्ष लिग नै आयोजना हुन सकेन ।

अखिल नेपाल फुटबल संघ एन्फाले २०७७ चैतदेखि राष्ट्रिय लिग आयोजना गर्ने निर्णय गरे पनि कार्यान्वयन भएन । एकैपल्ट २०७८ मंसिर ३ देखि फागुन १४ गतेसम्म शहीद स्मारक ए डिभिजन लिग आयोजना भयो । लिगपछि २०७९ वैशाखसम्म मोफसलका नकआउट प्रतियोगितामा खेलाडी व्यस्त रहे । वर्षा सुरु भएसँगै सिजन सकियो । एकैपल्ट १५ पुसदेखि नयाँ सिजन सुरु भयो ।

पछिल्लो तीन वर्ष (२०७६ माघदेखि २०७९ माघसम्म) नेपालमा सक्रिय फुटबल गतिविधि भएको समय हिसाब गर्ने हो भने जम्माजम्मी १० महिना मात्र खेलाडी व्यस्त हुन्छन् । गैरव्यवसायिक फुटबल गतिविधि हुने नेपालमा क्लबहरुले फुटबल नहुँदा खेलाडीलाई पारिश्रमिक दिने गरेका छैनन् ।

'बाँच्न र परिवार पाल्न नसक्ने अवस्था भएपछि सोच्नैपर्ने हुन्छ । खेल्न नपाएपछि विकल्प सोच्नु उनीहरुको अधिकार हो', प्रशिक्षक केसीले भने, 'यस्तै भइर हने हो भने नेपालमा फुटबल खेलाडी शून्यमा झर्‍यो भने आश्चर्य नमाने हुन्छ ।' भूकम्पपछि फुटबल गतिविधि ठप्प हुँदा विदेशिने निर्णय गरेका फुटबलर जगजित श्रेष्ठको पनि तर्क त्यही छ । 'आधारभूत आवश्यकता पूरा भएपछि मात्र मान्छेले करिअर हेर्ने हो', अस्ट्रेलियामा रहेका जगजितले भने, 'खेल्न पाउँदैन । नियमित र एउटै समयमा फुटबल क्यालेन्डर छैन । दिनदिनै महंगी बढेको छ, आवश्यकता पूरा गर्न सक्दैन भने उसले गर्ने त यही हो नि ।' संकटा क्लबका अध्यक्ष इन्द्रमान तुलाधर खेलाडी पलायनलाई उनीहरुकै नजरबाट हेर्नुपर्ने आवश्यकता देख्छन् । 'त्यहाँको जीवनशैली, सामाजिक सुरक्षा सबै नेपालमा भन्दा राम्रो छ । खेलाडीहरुले केही समयअघि त्यहीं पुगेर देखेका थिए । उनीहरुले भविष्य उतै देखे', तुलाधरले थपे, 'अस्ट्रेलियाले इमिग्रेसनको नियम सजिलो बनाउँदा पनि सहज भएको हुनसक्छ ।'

(स्रोत: अनलाइनखबर)

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा

"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# मकवानपुरको गौरबको जनावर 'सालक' घोषणा गरिँदै

साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/ विश्वमा दुर्लभ मानिएको स्तनधारी जंगली जनावर सालकलाई मकवानपुरको गौरवको जनावरको रुपमा घोषणा गरिने भएको छ ।

डिभिन वन कार्यालय राप्तीले आगामी ६ फागुनमा एक कार्यक्रमको अबसरमा सालकलाई जिल्लाको गौरबको जनावरको रुपमा घोषणा गर्ने तयारी गरेको हो । ६ फागुनमा मनाइने अन्तराष्ट्रीय सालक दिवसको अबसरमा सालकलाई मकवानपुर जिल्लाको गौरबको जनावर घोषणा गर्न लागिएको राप्ती डिभिजन वन कार्यालय राप्तीका प्रमुख विष्णु प्रसाद आचार्यले जानकारी दिएका छन् । सालक अति लोपोन्मुख अवस्थामा रहेको शान्त स्वभावको स्तनधारी जनावर हो । सालक मनहरीका सामुदायिक वन तथा हेटौंडाको चुच्चेखोला सामुदायिक वनमा पाइन्छ । चुच्चेखोला सामुदायिक वनले सालक संरक्षणका लागि विगतदेखि नै अभियान चलाउँदै आइरहेको छ ।



सालकको बासस्थान व्यवस्थापन तथा संरक्षण गर्न जिल्लाका कयौं सामुदायिक वनहरु लागिपरेका छन् । सालकको मासु तथा छाला (खपटा) तस्करीसमेत हुने गरेको छ । सालकको संरक्षणका लागि बागमती प्रदेश सरकारले विगतमा बजेटसमेत छुट्याउँदै आएको थियो । विश्वबाट नै लोपोन्मुख अवस्थामा रहेको सालक मकवानपुरमा भने धेरै संख्यामा रहेको डिभिजन वन राप्तिका प्रमुख आचार्यले बताए । सालकको मासुले रोगव्याधी काट्ने पोषिलो हुने अन्धविस्वास र यसको खपटा दबाई हुन्छ भन्ने भ्रमका कारण चोरी निकासी भई लोप हुँदै गएको आचार्य बताउँछन् । साथै साँघुरिदै गएको बासस्थान, वन क्षेत्रको अतिक्रमण, यसको बासस्थानमा अत्यधिक मानवीय गतिविधि र वन क्षेत्रमा भौतिक पूर्वाधार निर्माण र प्राकृतिक आहारको कमी हुँदै जानुले सालक लोपोन्मुख अवस्थामा पुगेको उनले बताए ।

सालक संरक्षणका लागि डिभिजन वन कार्यालय राप्तिले विभिन्न योजनाहरुसमेत सार्वजनिक गरी अगाडी बढाइएको आचार्यले जानकारी दिएका छन् । सालकको संरक्षणको अवस्था, बासस्थान, परिस्थिकीय प्रणालीको ज्ञानमा अभिवृद्धि गर्ने, सालकको अवैध चोरी, शिकारी तथा व्यापार नियन्त्रण गर्ने, बासस्थानको संरक्षणका लागि खोजी एबम् व्यवस्थापन गर्ने, स्थानीय जनताको उत्तरदायित्वको वृद्धि गर्ने जस्ता कार्यहरु भइरहेको आचार्यले बताए । सालकलाई मानिसका लागि उपयुक्त जनावर मानिन्छ ।

सालकले बालीका कमिला र धमिरा खाने, पर्यावणलाई जोगाउन मद्दत पु¥याउने र मानिसलाई भने आक्रमण नगर्ने सालकको विशेषता हो । सालकमा १५ सेन्टिमिटर टाढाका किरा श्वासले तानेर खानसक्ने क्षमता हुन्छ भने केही खतरा महसुस हुनासाथ डल्लो परेर बस्ने गर्दछ । एउटा वयष्क सालकले एक वर्षमा सात करोड कमिला तथा धमिरा खाने गरेको वन प्राविधिकहरु बताउँछन् । प्वाल बनाएर जमीनमुनि बस्ने लजालु स्वभावको जनावर सालक विशेषगरी रातको समयमा मात्रै बाहिर निस्कने डिभिजन कार्यालय राप्तिका प्रमुख आचार्यले बताए । यहाँका अधिकांश सामुदायिक वनमा पाइने दुर्लभ सालक मकवानपुरमा कति छ भन्ने स्पष्ट तथ्यांक भने छैन् ।

सालक संरक्षणको अग्रणी भूमिका देखिएको चुच्चेखेला सामुदायिक वन समूहले २०७५ सालमा सालक संरक्षणका लागि ४ नम्बर ब्लकलाई समुदायद्वारा व्यवस्थापन गरेको सालक संरक्षण क्षेत्र घोषणा गरी संरक्षण अभियान गरेको थियो । यो संरक्षण क्षेत्र विश्व वन्यजन्तु कोषमा समेत दर्ता गरिएको समूहले यसअघि नै जानकारी गराएको थियो । चुच्चेखोला वन समूहले आफ्नो वन समूह क्षेत्रको रामपुरडाँडामा सालक पार्कको स्थापना गरी पर्यटन प्रवर्द्धनको काम पनि गर्दै आइरहेको छ । सालकको चोरी शिकार गर्नेलाई १ बर्षदेखि १० बर्षसम्म कैद वा ४० देखि ७५ हजार रुपैंया जरिवाना वा दुबै सजाय हुन सक्ने कानूनी व्यवस्था छ ।

# २ सय ५० विद्यार्थीलाई सेल्फ डिफेन्स तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/हेटौंडा उपमहानगरपालिकाले नगरभित्र रहेका सामुदायिक तथा निजी विद्यालयमा अध्यनरत छात्राहरुका लागि सेल्फ डिफेन्स तालिम प्रदान गरेको छ ।

नगर क्षेत्रमा रहेका विद्यालयहरुमा अध्ययन गरिरहेका कक्षा ८ र ९ मा अध्ययनरत् छात्राहरुका लागि उपमहानगरले सेल्फ डिफेन्स तालिम सञ्चालन गरेको हो । उपमहानगरको शिक्षा महाशाखाको आयोजनामा भएको तालिममा उपमहानगरका ४८ विद्यालयका २ सय ५० जना छात्राहरुको सहभागिता रहेको छ । तालिममा सम्भावित घटनाहरुवाट कसरी बच्ने, घटना भइहाल्दा कसरी छुटकारा पाउने र भाग्ने विषयमा प्रशिक्षण दिइएको थियो । किशोरी अवस्थामा प्रवेश गर्दै गरेका उनीहरुमाथि हुन सक्ने घटनाबाट बच्ने उपाए सिकाउनका लागि उपमहानगरले एक दिने प्रशिक्षण सञ्चालन गरेको थियो ।

प्रशिक्षणमा प्रशिक्षक बिष्णु श्रेष्ठ र सुजाता भूजेलले सहजिकरण गरेका थिए । कार्यक्रकको उद्घाटन गर्दै हेटौंडा उपमहानगरपालिकाका प्रमुख मिनाकुमारी लामाले प्रशिक्षणको अवसरलाई सदुपयोग गर्दै सुरक्षित भएर हिड्ने र काम गर्ने अवस्था श्रृजना गर्न आग्रह गरेकी छन् । यस किसिमका तालिमले समयसँगै आफुलाई अघि बढ्ने सिकाउने उनले बताइन् ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईं, आर्थिक विकास तथा शिक्षा महाशाखा प्रमुख गंगाधर रिमाल, शिक्षा शाखा प्रमुख रामचन्द्र खड्कालगायतको आतिथ्यता थियो ।

# रामेछापमा मकवानपुरको भलिबल टिम विजयी

साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/ बागमती प्रदेशको उत्तरी क्षेत्रस्थित रामेछाप जिल्लाको मन्थली नगर पालिकामा भएको भलिबल प्रतियोगितामा मकवानपुरको भलिबल टिम विजयी भएको छ ।



नेपाल खेलकुद महासंघ बागमती प्रदेशद्वारा आयोजित भलिबल प्रतियोगिताअन्तर्गत् बिहीवार भएको खेलमा मकवानपुरले काभ्रेपलाञ्चोक भलिबल टिमलाई हराउँदै अन्तिम आठमा स्थान सुरक्षित गरेको हो ।

राजकुमार राईको कप्तानीमा उत्रिएको मकवानपुरले काभ्रेलाई २५-११ र २५-२२ को सोझो सेटमै पराजित गर्न सफल भएको मकवानपुरका प्रशिक्षक सन्तोष श्रेष्ठले जानकारी दिए । मकवानपुरले आज शुक्रबार हुने क्वाटरफाइनल खेलमा रामेछापसँग प्रतिस्पर्धा गर्ने श्रेष्ठले बताए ।

मकवानपुरको भलिवल टिममा कप्तान राईसहित बलराम सुवेदी, विशाल मोक्तान, रमेश थिङ, ओकेश बलामी, सुरेन्द्र गोले, पुजन गुरुङ, सञ्जय थिङ, राजेश घिमिरे र बुद्धिकृष्ण दंगाल रहेका छन् । टिमको प्रशिक्षक श्रेष्ठ रहेका छन् भने व्यवस्थापक नरेन्द्र मोक्तान रहेका छन् । मकवानपुरको टिम बलियो रहेकोले उपाधि जित्न सक्षम रहेको प्रशिक्षक श्रेष्ठ बताउँछन् ।

## गृहको सिडिओ सरुवासम्बन्धी...

कार्यविधिमा भनिएको छ, 'कमन्त्रालयको महाशाखा प्रमुख वा विभागमा महानिर्देशक भई न्यूनतम एक वर्ष कार्यसम्पादन गरेको अधिकृतलाई 'क' वर्गको जिल्लामा खटाउन बाधा पर्ने छैन ।,'

'ग' वर्गका जिल्लामा खटिसकेका अधिकृतलाई 'ख' वा 'क' वर्गका जिल्लामा खटाइने भएको हो । ती अधिकृतको इच्छाविपरीत पुन: 'ग' वर्गको जिल्लामा नखटाउने पनि भनिएको छ । 'क' वर्गको जिल्लामा सिडिओ भएकालाई तत्काल 'क' वर्गकै अर्को जिल्लामा पनि नपठाइने भएको छ ।

यद्यपि कार्यसम्पादन सम्झौता मूल्यांकनको आधारमा उत्कृष्ट तीन सिडिओलाई भने अर्को 'क' वर्गको जिल्लामा सरुवा गर्न बाधा नपर्ने उल्लेख छ । हाल वर्गीकरणमा नपरेका हिमाली जिल्लाहरुमा राजपत्रांकित द्वीतिय श्रेणीका अधिकृतलाई पठाउने गरिएको छ ।

सिडिओले एक वर्षको अवधिसम्म एउटा जिल्लामा काम गर्न सक्नेछन् । जिल्लाको शान्ति सुरक्षा बिग्रिएमा, लामो समय सिडिओ कार्यालयमा अनुपस्थित रहेमा, स्वास्थ्य अवस्था गम्भीर रुपमा बिग्रिएमा, विभागीय कारबाही सिफारिसमा परेमा, आचारण तथा अनुशासनसम्बन्धी प्रश्न उठेमा सरुवा गर्न सक्ने कार्यविधिमा उल्लेख छ । मन्त्रालयले पहिलो पटक सिडिओसम्बन्धी कार्यविधि बनाएको हो ।

सबै अधिकृतलाई सबै भौगोलिक क्षेत्रको अनुभव पनि दिलाउने, व्यावसायिकताको विकास गर्न र अधिकृतको क्षमता विकास गर्ने उद्देश्यले कार्यविधि ल्याइएको मन्त्रालयले भनेको छ । कार्यविधि जारी भएसँगै अधिकृतले स्थायी ठेगाना भएको जिल्लाको सिडिओ बन्न नपाउने भएका छन् । अब कुनै एक प्रदेशमा एक अवधि पूरा गरेका अधिकारीलाई पुन: सोही प्रदेशको अर्को जिल्लामा नखटाउने कार्यविधि बनेको छ । गृहले कार्यसम्पादन मूल्यांकन अनुसार कर्मचारीहरुको मूल्यांकन गर्छ । मूल्यांकनकै आधारमा पनि सिडिओलाई अर्को जिल्लाको जिम्मेवारी दिने/नदिने भन्ने टुंगो लाग्नेछ ।

सिडिओको कार्यसम्पादन सम्झौता मूल्यांकनमा ९० प्रतिशतभन्दा कम अंक ल्याउने अन्तिम तीनमा रहेका अधिकृतलाई तत्काल अर्को जिल्लाको जिम्मेवारी नदिइने कार्यविधिमा उल्लेख छ । यस्तै विभागीय सजाय पाएको भए सो अवधिभर वा विभागीय कारबाहीको प्रक्रिया नटुंगिएसम्म सिडिओको जिम्मेवारी दिइने छैन ।

राजपत्रांकित प्रथम श्रेणी (सहसचिव) का सिडिओ रहने पदमा प्रथम श्रेणीका कर्मचारी उपलब्ध हुन नसक्ने भएमा द्वितीय श्रेणी (उपसचिव)लाई पठाइने पनि कार्यविधिमा उल्लेख छ । तर उक्त पदमा खटाउँदा द्वितीय श्रेणीका अधिकृत भएर पाँच वर्ष कार्यअनुभव हुनुपर्ने भनिएको छ ।

# हेटौंडामा तीन महिने लोकसेवा तयारी सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/हेटौंडा उपमहानगरपालिकाको सहयोगमा तीन महिने लोकसेवा तयारी कक्षा सुरु भएको छ ।

उपमहानगरको आर्थिक सहयोग तथा बिकासका लागि अभियान नेपालको आयोजनामा तिन महिने लोकसेवा तयारी कक्षा सञ्चालन भएको हो ।



मकवानपुर बहुमुखी क्याम्पसमा उद्घाटन भएको कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाका प्रमुम मिनाकुमारी लामाले मेहनत र लगनशिलता भए सफलता मिल्ने बताइन् । उनले अन्य जिल्लाका जस्तो यहाँका युवाहरुले पनि लोकसेवामा अव्वल बन्न सक्ने आधार प्रस्तुत गर्न सहभागिलाई सुझाब दिइन् । उनले भनिन् 'तिन महिने तालिम पछि अझै मेहनत गर्ने इच्छा सहभागिहरुमा रहे उपमहानगरले थप सहयोग गर्ने छ,' हेटौंडामा रहेर विभिन्न कलेजहरुमा अध्यापनमा रहेका १ सय जना लोकसेवा अध्यनमा इच्छा भएकाहरुको तालिममा सहभागिता रहेको छ ।

उनीहरुलाई ५०/५० जनाको संख्यामा भाग लगाएर गैर सरकारी सस्था महासंको भवनमा अध्यापन गराउने तयारी रहेको आयोजकले जनाएको छ । विकासका लागि अभियान नेपालका अध्यक्ष सन्तोष पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका समाजिक महशाखा प्रमुख भीमप्रसाद तिमल्सिना, प्रशिक्षक राज गौतमको आतिथ्यता रहेको थियो । तालिममा दुइ जना प्रशिक्षकको व्यवस्थापन गरिएको कार्यक्रम संयोजक नवराज पौडेलले बताए ।

# ८१ औं जन्मोत्सवमा गोलघर निर्माण

साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/मनहरी गाउँपालिका निवासी साइँली माया स्याङ्तानले बुद्धशान्ति हरित पार्कमा गोलघर (प्रतिक्षालय निर्माण गरेका छन् । आफ्नो ८१ औं जन्मोत्सवको अबसर पारेर मनहरी-७ रिभरसाइड घर भएकी साइँलीमायाले पार्कमा घुम्न आउने आन्तरिक पर्यटक र स्थानीयहरुलाई बस्न सहज होस भन्ने उद्देश्यले प्रतिक्षालय निर्माण गरेका हुन् ।

जन्मोत्सवको अबसरलाई कतिपयले फजुल खर्च गरिरहेको बेला साइँलीमायाले भने सामाजिक कार्यमा सहभागिता जनाएकी हुन् । उनले व्यक्तिगत खर्चमा निर्माण गरेको गोलघरमा राखिएको बुद्धको मुर्तिको बिधि अनुसारको पाठपुजा र होम गरी पार्कलाई हस्तान्तरण गरिएको छ ।

गोलघर निर्माणकर्ता साइँलीमाया आफ्ना पतिका साथ बुद्धशान्ति हरित पार्कमा हस्तान्तरणका लागि पुगेकी थिइन् । साइँलीमायाका छोरा प्रकाशले आमाले सामाजिक काममा आफूले पनि केही गरेर देखाउन चाहेकाले बुद्धशान्ति हरित पार्क परिसरमा गोलघर निर्माण गर्न लगाएको बताए । गोलघरमा बुद्धको मुर्तिसमेत राखिएकाले विधि अनुसार पुजापाठ गरी पार्कलाई हस्तान्तरण गरिएको प्रकाशले बताए ।

# बदेलधापका विद्यार्थीलाई न्यानो कपडा



साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/हेटौंडा उपमहानगरपालिका-१४, बदेलधाप स्थित सुप्रभात आधारभुत विद्यालयमा अध्ययनरत् विद्यार्थीलाई न्यानो कपडा (स्वीटर) सहयोग गरिएको छ ।

बिहीवार विद्यालय परिसरमा विद्यालयमा अध्यनरत विद्यार्थीहरुलाई ८० थान न्यानो कपडा (स्विटर) र ३ थान कार्यालय प्रयोजनको लागि कुर्चीं सहयोग गरिएको हो । विद्यार्थीहरुलाई सहयोग गर्ने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) हेटौंडा-१४ का वडा सभापति तथा नाङ्साल मेटल वर्कस् एण्ड कन्स्ट्रसन प्रालिका सञ्चालक जितबहादुर लोप्चन रहेका छन् । पछिल्लो समय देशै भर चिसो बढेसँगै चिसोबाट प्रभावित भइरहेकोले आफ्नो वडामा रहेको विद्यालयका विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरिएको लोप्चनले बताए ।

विद्यालयलाई आवश्यक परेको खण्डमा थप सहयोग र सहकार्य गर्न तत्पर रहेको रास्वपा बागमती प्रदेश कोषाध्यक्ष टाकाराज थापा (सुरेश)ले बताए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टेकबहादुर मुक्तानको सभाध्यक्षतामा भएको कार्यक्रममा रास्वपा जिल्ला सदस्य नवराज पौडेल, नगर सभापति धुर्व विष्ट, सचिव प्रकाश गौतम, च्यापिट एक्सन टिम मकवानपुरका संयोजक राममणि न्यौपाने, च्यापिट सदस्य सपना कँडेललगायतको आतिथ्यता रहेको थियो ।


# प्रदेशलाई आत्मनिर्भर बनाउन पकेट क्षेत्र बनाएर काम गर्छौं: जम्मकट्टेल

हेटौंडा, ५ माघ/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले आफ्नो नेतृत्वको सरकारले प्रदेशलाई आत्मनिर्भर बनाएर काम गर्ने बताएका छन् ।

दोस्रो खैरहनी महोत्सवको उद्घाटन गर्दै मुख्यमन्त्री जम्मकट्टेलले प्रदेशलाई आत्मनिर्भर बनाउन प्रदेशको १३ जिल्लामा २६ पकेटका कार्यक्रम सञ्चालन गर्ने तयारी गरेको बताए । कृषि क्षेत्रले आफ्नो स्थान बनाएर आर्थिक गतिविधिलाई अघि बढाउने गरी कार्यक्रमको तयारी गरिएको मुख्यमन्त्री जम्मकट्टेलले जानकारी दिए । उनले अहिलेको व्यापार घाटा घटाउने विषय चुनौतीको विषय रहेको बताउँदै उत्पादनमुखी उद्योगमा जोड दिनुपर्ने बताए ।

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।

प्रो. अमिता चौधरी
मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस अस्पतालमा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

कार्यरत विशेषज्ञ डाक्टरहरु :
- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

हेटौंडा मोडेल अस्पताल
हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा

अब प्रत्येक दिन

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा

तथा २४ सै घण्टा

स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा

हेटौंडा सिटी हस्पिटलमा

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :
- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि

हेटौंडा सिटी हस्पिटल प्रा.लि.
हेटौडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

सादर निमन्त्रणा



जन्म
१९९५ साउन

स्वर्गारोहण
२०७९ पौष १८

मेरो पुज्यनीय पिता **स्व.मान बहादुर तितुङ**को ८४ वर्षको उमेरमा भएको असमाहिक निधनको २१ औं दिनको पुन्यतिथिमा बौद्धधर्म संस्कार अनुसार यही माघ ८ गते घेवा (किरिया) शुरु भई ९ गते समापन हुने भएकोले सागरमा पाल्नु हुने तथा परिवारमा भावपुर्ण समवेदना व्यक्त गर्नुहुने सबैमा पितृ प्रसाद ग्रहणका लागि हार्दिक अनुरोध गर्दछु ।

**तपशिल**
मिति : २०७९ माघ ०८ र ०९ गते
समय: दिउँसोको ३:०० बजे
स्थान: हेटौंडा-५ पिप्लेकुना आफ्नै निजी निवास

प्रार्थी
छोरा : जेवि लामा तितुङ
सम्पर्क : ९८५१०८३६३१

रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क नं.: ९८४५२९०३९१, ९८५५०८५३९१

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना